# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मायादेवी गाउँपालिका
## कपिलवस्तु

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मायादेवी गाउँपालिका
## कपिलवस्तु

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

मायादेवी गाउँपालिका

कपिलवस्तु

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु।साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

लुम्बिनी प्रदेश

मितिः२०८१।२।११

प.सं. २०८०।८१

च.नं. ३०

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

मायादेबी गाउपालिका,गाउँ कार्यपालिकाको कार्यालय,

कपिलबस्तु ।

१. **कैफियत सहितको राय** — हामीले यस पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.५ करोड ४६ लाख ५७ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु ९८ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू २७ लाख ८७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.५० लाख १७ हजार, नियमित गर्नुपर्ने रु. ३ करोड ८५ लाख ४८ हजार र पेश्की बाँकी रु.८२ लाख ६ हजार समेत रु.५ करोड ४५ लाख ५९ हजार रहेको छ। पालिकाको गतवर्ष सम्म रु.४१ करोड ६१लाख १५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.४७ करोड ६लाख ७४ हजार रहेको छ ।**यसपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ**

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(घनश्याम पराजुली)

**नायब महालेखापरीक्षक**

मायादेबी गाउपालिका,

कपिलबस्तु जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ९३ | १३३ | ५४६५७ | ० | ३ | ९८ | ९३ | १३० | ५४५५९ | २७८७ | ३८५४८ | ५०१७ | ० | ० | ४३५६६ | ८२०६ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कपिलबस्तु | ४१६११५ | ० | ० | ४१६११५ | ० | ५४५५९ | ४७०६७४ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | **२०७९।८० (चालु वर्षको)** | ५१.९ | बढी निकासा | ५२६३ |
| | | ५१.४ | बढी निकासा | ४४०० |
| | | ४२ | प्रमाण पेश | ८८४०० |
| | **चालु वर्षको जम्मा** | | | ९८०६३ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दधन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस मायादेवी गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ५४४.६५ वर्ग किलोमिटर क्षेत्रफल तथा ५५९७१ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०९।०२ देखि २०८०।०९।०५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको प्राप्ती र भुक्तानीको विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.२३२७७०। असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| बैंक | व्यहोरा | बैंक भौचर नम्बर | दाखिला मिति | रकम |
|---|---|---|---|---|
| राष्ट्रिय वाणिज्य बैंक | छुट अग्रिम आयकर | ५६९५०७२३ | २०८०-०९-०५ | १३५० |
| राष्ट्रिय वाणिज्य बैंक | बिल भरपाई भन्दा बढि भुक्तानी | ५६९५६८१२ | २०८०-०९-०५ | १४२०० |
| राष्ट्रिय वाणिज्य बैंक | पारिश्रमिक कर कट्टी | ५७२९१२१२ | २०८०-०९-१३ | ५५५० |
| एन.एम.बि.बैंक | कार्यक्रम पेश्की फिर्ता | ६०७३२०५८४ | २०८०-०९-१७ | २११६७० |
| | | | जम्मा | २३२७७० |

२ **प्राप्ती र भुक्तानी**

| प्राप्ती भुक्तानी हिसाव | | | | | | |
|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | गतवर्ष रु. | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ६५८९४१५८८.०२ | ५४१०१९०१७.६३ | ५४१०१९०१७.६३ | ५५८५६७८६६.९५ | ५५८५६७८६६.९५ |
| क. प्राप्ति (संचितकोष मा आम्दानी बाँधिने) | | ६५७४५६०००.०० | ५३१३९५६६०.३७ | ५३१३९५६६०.३७ | ५५२२५९८०३.९५ | ५५२२५९८०३.९५ |
| ११००० कर | ११ | १३३९०८०००.०० | १०२४८४९५०.६५ | १०२४८४९५०.६५ | ११४७६१४९४.५२ | ११४७६१४९४.५२ |
| १३००० अनुदान | | ४९६०४६०००.०० | ४२२२७४७०७.२८ | ४२२२७४७०७.२८ | ४१८०१८७५२.५५ | ४१८०१८७५२.५५ |
| संघीय सरकार | १२ | ४५२७९५०००.०० | ३८८९६९४९३.२८ | ३८८९६९४९३.२८ | ३८८०३९६२०.८० | ३८८०३९६२०.८० |
| प्रदेश सरकार | १२ | ४३२५१०००.०० | ३३३०५२१४.०० | ३३३०५२१४.०० | २९९७९१३१.७५ | २९९७९१३१.७५ |
| १४००० अन्य राजस्व | | ३९५२०००.०० | ६६३६००२.४४ | ६६३६००२.४४ | १९४७९५५६.८८ | १९४७९५५६.८८ |
| ३२००० वित्तीय सम्पत्ति | | २३५५००००.०० | ० | ० | ० | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ख. अन्य प्राप्ति | | १४८५५८८.०२ | ९६२३३५७.२६ | ९६२३३५७.२६ | ६३०८०६३.०० | ६३०८०६३.०० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० |
| कोषहरु | | १४८५५८८.०२ | १२५७५८४.२६ | १२५७५८४.२६ | २९०७५७९.०० | २९०७५७९.०० |
| धरौटी | | ० | ८३६५७७३.०० | ८३६५७७३.०० | ३४००४८४.०० | ३४००४८४.०० |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ६५८९४१५८८.०२ | ५४९५०५६९७.६८ | ५४९५०५६९७.६८ | ५८२२४७८५६.३९ | ५८२२४७८५६.३९ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६५७४५६०००.०० | ५४४६७७००९.४२ | ५४४६७७००९.४२ | ५७५६७०५०२.३९ | ५७५६७०५०२.३९ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २१९८४७०३३.०० | १८५७७९४१९.९१ | १८५७७९४१९.९१ | २१९०३५०४६.४६ | २१९०३५०४६.४६ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १७४३३४९६७.०० | १३८०५२६९८.५९ | १३८०५२६९८.५९ | १३३०३९५०४.५० | १३३०३९५०४.५० |
| २४००० ब्याज सेवा शुल्क तथा बैंक कमिशन | १८ | २५००००.०० | २५००००.०० | २५००००.०० | ० | ० |
| २५००० सहायता (Subsidy) | १८ | ३५४१००००.०० | २७५३९२१९.०० | २७५३९२१९.०० | ६०८१७४८.०० | ६०८१७४८.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | १९३१४०००.०० | १७४०३२८६.०० | १७४०३२८६.०० | ४९२५२३८७.०० | ४९२५२३८७.०० |
| २८००० अन्य खर्च | १८ | ३८४००००.०० | ३२१५२००.०० | ३२१५२००.०० | १७६६०००.०० | १७६६०००.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / | १८ | २०४४६००००.०० | १७२४३७१८५.९२ | १७२४३७१८५.९२ | १६६४९५८१६.४३ | १६६४९५८१६.४३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| पूँजीगत खर्च | | | | | | |
| घ. अन्य भूक्तानी | | १४८५५८८.०२ | ४८२८६६८८.२६ | ४८२८६६८८.२६ | ५८२२४७८५६.३९ | ५८२२४७८५६.३९ |
| कोषहरु | | १४८५५८८.०२ | १४८५५८५.२६ | १४८५५८५.२६ | ५९०३८८५.०० | ५९०३८८५.०० |
| धरौटी | | ० | ३३४३१०३.०० | ३३४३१०३.०० | ६७३४६९.०० | ६७३४६९.०० |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | | (८४८६६६८०.०५) | (८४८६६६८०.०५) | (२३६७९९८९.४४) | (२३६७९९८९.४४) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ४९८०८४७०.४२ | ४९८०८४७०.४२ | ७३७३१००९.७२ | ७३७३१००९.७२ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ४१३२१७९०.३७ | ४१३२१७९०.३७ | ५००५१०२०.२८ | ५००५१०२०.२८ |
| बैंक तथा नगद बाकी | २४ | | ४१३१५७९०.३७ | ४१३१५७९०.३७ | ५०२७९२७८.६८ | ५०२७९२७८.६८ |

३ **एकिकृत आ.वि.**

| **सि.नं.** | **आय तर्फ** | | **सि.नं.** | **व्यय तर्फ** | |
|---|---|---|---|---|---|
| | **विवरण** | **रकम** | | **विवरण** | **रकम** |
| १ | **गत वर्षको जिम्मेवारी** | | १ | **चालु खर्च** | ३७२२३९८२३.५० |
| | क) नगद | | २ | **पूँजीगत खर्च** | १७२४३७१८५.९२ |
| | ख) बैंक(संचित कोष) | ४३५०१७८५.२९ | | | |
| | कर्मचारी कल्याण कोष | ९४२७० | | | |
| | विपद व्यवस्थापन | २५११८.१३ | | | |
| | ग धरौटी आय | ५७२९२९६ | ३ | वित्तीय व्यवस्था भुक्तानी | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | **राजस्व (आन्तरिक आय)** | | | क) ऋण भुक्तानी | |
| | क) आन्तरिक राजस्व | १०४३४७०१.६४ | | ख) ब्याज भुक्तानी | |
| | ख) राजस्व बाँडफाँड | ९८६८६२५१.४५ | | ग) अन्य भुक्तानी | |
| | ग) अन्य आय | | ४ | लगानी | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | ऋण लगानी | |
| | क) वित्तीय समानीकरण अनुदान | १४५४१०००० | | शेयर लगानी | |
| | ख) सशर्त अनुदान | २८३५२४००० | | अन्य लगानी | |
| | ग) समपूरक अनुदान | ५०००००० | ५ | **धरौटी फिर्ता** | ३३४३१०३ |
| | घ) विशेष अनुदान | | ६ | **कोष खर्च** | |
| | | | ७ | **अन्तर सरकारी** | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ७ | **मौज्दात** | |
| | क) वित्तीय समानीकरण अनुदान | ८७५१००० | | **क) नगद मौज्दात** | |
| | ख) सशर्त अनुदान | ११०००००० | | **ख) बैंक मौज्दात (संचित कोष)** | ३०२१४४३६.२४ |
| | ग) समपूरक अनुदान | ७५००००० | | **चालु खर्च** | |
| | घ) विशेष अनुदान | ७२५०००० | | **पूजिगत खर्च** | |
| | ङ) कोभिड विशेष | | | **गत आ.व.को बढि अल्या** | ६००० |
| ५ | अन्तर सरकारी | | | | |
| ६ | वित्तीय व्यवस्था प्राप्ति | | | **मर्मत सम्भार कोष** | |
| | क) ऋण प्राप्ति | | | **विपद व्यवस्थापन** | २५५११८.१३ |
| | ख) साँवा प्राप्ति | | | **कर्मचारी कल्याण कोष** | ९४२७० |
| | ग) ब्याज प्राप्ति | | | **धरौटी** | १०७५१९६६ |
| | घ) अन्य प्राप्ति | | | **अनुदान फिर्ता** | ४६१६०२९२.७२ |
| ७ | विभिन्न कोषतर्फको आय | | | | |
| ८ | जनसहभागिता (नगद) | | | | |
| ९ | विषयगत निकायबाट | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्राप्त रकम | | | | |
| 10 | धरौटी आय | ८३६५७७३ | | | |
| 11 | लगानीको साँवा फिर्ता | | | | |
| 12 | अन्य विविध आय | | | | |
| 13 | सामाजिक सुरक्षा तथा संरक्षण निकासा | २१९०५६६४९ | | सामाजिक सुरक्षा तथा संरक्षण खर्च | २१९०५६६४९ |
| 14 | एकिकृत स्वास्थ्य पुर्वाधार निकाशा | ९७८१६८६१ | | एकिकृत स्वास्थ्य पुर्वाधार खर्च | २७८१६८६१ |
| 15 | भाषा तथा संकृति निकाशा | ७१४८७२३ | | भाषा तथा संकृति खर्च | ७१४८७२३ |
| 16 | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम(संघ शसर्त अनुदान) निकाशा | ६४२५२७१ | | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम(संघ शसर्त अनुदान) खर्च | ६४२५२७१ |
| | **जम्मा** | ९६५९४९६९९.५१ | | **जम्मा** | ९६५९४९६९९.५१ |

**लेखापरीक्षणबाट देखिएका व्यहोराहरु**

४ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने र दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नानुसार देखिएको छः

४.१ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.२१९०५६६४९।, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.९७८१६८१६।, प्रदेश शशर्त तर्फको प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको रु.६४२५२१७, भाषा तथा संस्कृति कार्यक्रम रु.७१४८७२३। समेत गरी रु.३३०४४७४०५। सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.२ **जिम्मेवारी फरक परेको –** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । म.ले.प.फा.नं.२७२ अनुसार गत वर्षको अन्त्यमा बैक तथा नगद मौज्दात रु. ५,००,५१,०२०.२८ रहेकोमा सुत्र सफ्टवेयरमा गत वर्षको जिम्मेवारी रु ४,९८,०८,४७०.४२ सारेको देखियो । जसअनुसार रु.२४२५४९.८६। घटि जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ । गत वर्षको मलेप प्रतिवेदनमा बाँकी मौज्दात रु.४३५०१७८५.६१ देखाएकोमा यसबर्षको जिम्मेवारी रु.४९५८०४६९.४१ सारेकोमा बढि जिम्मेवारी रु.६०७८६८३.८१ सारेको सम्बन्धमा गत बर्षको म.ले.प. प्रतिवेदनमा मौज्दातको जोड जम्मा छुटेका कारण बढि जिम्मेवारी सारेको पालिकाले यकिन गरि पेश गरेको छ । म.ले.प.फा.नं.२७२ ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. २२८००१.०१, यस वर्षको प्राप्ति रु. ३७५३३२२१२.४६ यस वर्षको भुक्तानी रु. ३७५११०२११.४६ र बैंक मौज्दात रु.६०००.०१ले फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ४९८०८४७०.४२ | ५४१०१९०१७.६३ | ५४९५०५६९७.६८ | ४१३२१७९०.३७ |
| एकीकृत आर्थिक विवरणअनुसार | ४९५८०४६९.४१ | ९१६३५१२३०.०९ | ९२४६१५९०९.१४ | ४१३१५७९०.३७ |
| फरक | २२८००१.०१ | ३७५३३२२१२.४६ | ३७५११०२११.४६ | ६००० |

सैद्धान्तिक बेरुजु

४.३ **बैङ्क हिसाब विवरण –** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात हिसाब मिलान गरि श्रेस्ता अनुसार र बैंक अनुसारको मौज्दात ४,१३,१५,७९०.३७ रहेको विवरण पेश गरेको छ ।

सैद्धान्तिक बेरुजु

## ५ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो नगरेको,

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा नल्याएको,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली नवनाएको,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार नगरेको,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा नगरेको,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• गो.भौ.नं. सिलसिलेबर रुपमा नरहेको र आंशिक रुपमा प्रमाणित गरेको ,

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा नगरेको,

• दिगो बिकास योजना सन् २०१५-३० लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य नभएको,

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार नगरेको,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता नराखेको,

• स्थानीय तहले निर्माण उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना नभएको,

• निजामती सेवा ऐन २०४९ को दफा ५(क) बमोजिम प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु नगरेको ,

- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको,
- वितरणमूखी कार्यक्रम संचालन गरेको,
- आर्थिक वर्षको अन्तमा खर्चको चाप हुने गरी काम गरेको,
- कार्य सम्पादन जमानीको मान्य अवधि नविकरण भएको नदेखिएको,
- उपभोक्ताबाट खरिद सामान परिमाण र नापी तथा उपयोग नभिडेको,
- चालु प्रकृतिका खर्चलाई पूँजिगत खर्चमा विनियोजन गरी खर्च गरेको,
- राजस्वको अनुमान र प्राप्ती प्रक्षेपणमूखी र दायरामुखी वनाउन नसकेको,
- प्राप्ती तथा भूक्तानीको खर्च सार्वजनिकीकरण नगरेको,
- विद्यार्थी तथा शिक्षक अनुपात नभिडेको मर्जरको कार्यक्रम अगाडी नवढाएको ,
- अवकास कोष सम्वन्धि कानूनी व्यवस्था कार्यान्वयन नगरेको,
- लक्षित समूह खर्चलाई नियन्त्रणमा ल्याउन नसकेको,
- उपभोक्ता समितिको गठन प्रक्रिया नियमानुसार नभएको,
- अनुगमन संयन्त्र निर्माण गरी योजना अनुगमनलाई प्रभावकारी नबनाएको,
- सबै प्रकारका आयोजनामा निर्माण कार्यको गुणस्तर आश्वस्त हुने प्रमाण संलग्न गर्ने नगरेको ,
- उपभोक्ता समितिबाट गराएको काममा नियमानुसार खर्च अनुमोदन, खर्चको सूचना सार्वजनिकीकरण नगरेको, मर्मत सम्भारको जिम्मा सहित सम्पन्न योजना उपभोक्तालाई योजना हस्तान्तरण र सो को अभिलेखिकरण नगरेको ,
- बर्षान्तमा पेश्की दिएको,समयमा फर्छयौट नगरेको र पेश्की माथी पेश्की दिने गरेको ,
- सवारी साधनको बिमा नविकरण तथा विद्युत महशुल भुक्तानी गर्दा जरिवाना नलाग्ने गरी समयमानै भुक्तानी गर्नुपर्नेमा सो नगरी जरिवाना भुक्तानी गरेको,

उपरोक्त व्यहोरा पूर्ण रुपमा कार्यान्वयन नगरेका कारण वित्तीय उत्तरदायित्व एवम जवाफदेहिता र कानूनको पालनामा कमी आएको हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गर्ने र कानूनको पालना गराई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६ **भ्रमण खर्च**

लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च वापत रु.१२८१८११। भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .

• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।

• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।

• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

• कतिपय भ्रमणहरु गाउँपालिका वा कार्यालयसँग असम्बन्धित ठाउँ गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।

त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **आर्थिक कारोबारको लेखाङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा तोकिएको ढाँचामा आर्थिक कारोवारको लेखाङ्कन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान NEPSAS अनुसार प्रतिवेदन गर्नु पर्दछ । स्विकृत लेखा ढाँचामा देहायको बिबरण समेत अभिलेखमा आउने गरी म.ले.प. फारामहरुको प्रयोग गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार आर्थिक कारोवारको लेखाङ्कन गरेको पाईएन । पालिकाले बैंक हिसाब मिलान बिबरण २१२, भुक्तानी दिन बाकी, प्राप्त रकमको मास्केवारी- २२२, सन्तुलन परिक्षण- २२५, बजेट रकमान्तर/कार्यक्रम संसोधनको बिबरण- ३०४, बस्तु तथा निर्माणको खरिद योजना- ३११, परामर्श सेवाको खरिद योजना- ३१२, मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता-४१५, घर जग्गाको लगत किताब-४१७, आइटमवाइज कार्य अभिलेख खाता- ५०५, ठेक्कासँग सम्बन्धित गोश्वारा लगत- ५०७, बेरुजु लगत- ८०१, सम्परीक्षण गोश्वारा अभिलेख- ८०५, बिद्युतिय प्रणाली प्रयोगकर्ताको बिबरण, परिबर्तन र स्थगन अभिलेख-९०२, भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख ९०७, तयार गरेको देखिएन । स्वीकृत लेखा ढाँचामा लेखा राखी नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गरीनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने

व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

९ **वडा कार्यालय तथा अन्य शाखावाट खरिद**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्नुपर्ने व्यवस्था छ । साथै आर्थिक कार्याविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधि स्रेस्ता खडा गरी अधावधिक गरी राख्नु पर्ने व्यवस्था छ । वडा तथा अन्य शाखाको खरिदको नमुना छनौट गरी परीक्षण गर्दा वडा सञ्चालनको लागि आवश्यक सामग्री वडा सचिव तथा शाखा प्रमुख आफैले माग फारम तयार गर्ने, खरिद आदेश दिने र वडा र शाखाको छुट्टै जिन्सी खातामा प्रविष्टी गर्ने, दाखिलामा जिन्सी सम्बन्धी आवश्यक स्पेशिफिकेशन नखुलाइ जिन्सी आम्दानी गर्ने र कार्यालयले सोही बमोजिम विल भुक्तानी गर्ने गरेको पाइयो । बजेट संचालन गर्ने निकायवाट सामग्री खरिद गरी मुल जिन्सी अभिलेखमा चढाई हस्तान्तरण मार्फत वडा कार्यालयमा दिनुपर्ने र वडाले आफूले प्राप्त गरेको जिन्सी सहायक जिन्सी खातामा आम्दानी गर्नुपर्नेमा सो नगरेको कारण एकीकृत जिन्सी अभिलेख तयार भएको देखिएन । यसमा सुधार हुनुपर्दछ।यसका उदाहरण निम्नानुसार छन् -

| गो.भौ.नं.।मिति | भुक्तानी प्राप्त गर्नेको नाम | खरिद सामाग्री | रकम |
|---|---|---|---|
| ११८।२०८०-०८-१८ | संजय ट्रेड कन्सर्न | मसलन्द | २९९८८० |
| १९९।२०७९-१०-११ | गुन गुन ट्रेडर्स एण्ड अर्डर सप्लायर्स | कम्बल खरिद | ४९९९९५ |

| | | | |
|---|---|---|---|
| २८९।२०७९-१२-०१ | ओमी फर्मा | औषघि खरिद | २९८४६४ |
| ३९४।२०८०-०२-०३ | युनिक एग्रो सेन्टर एण्ड रुपक भेट फर्मा | पशु पंक्षीहरुको लागी औषधी खरिद | ३००००० |
| ५४७।२०८०-०३-१२ | अनुषा आयुर्वेद मेडिकल हल | आर्युवेद सन्चालनका लागि औषधि खरिद | १००००० |

सैद्धान्तिक बेरुजु

१० **पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २७७ मा गाँउ सभा तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । पालिकाले यस वर्ष पदाधिकारीहरुलाई पदाधिकारी सुविधा वापत रु.१०४७९४८७। भुक्तानी दिएको छ। जुन कुल आन्तरिक आयको ९९.५७ प्रतिशत हुन्छ ।यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् -

१०.१ **पदाधिकारी बढि सुविधा –** लुम्बिनी प्रदेश सरकारबाट मिति २०७७-०३-२४ मा जारी गरिएको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी(पहिलो संशोधन) ऐन, २०७७ को संशोधनको दफा ४ मा खानेपानी तथा सरसफाई सुविधा वापत वडाध्यक्षको कोलममा भएको रु.२००० र संभार र विद्युत/उर्जा खर्च सुविधा वापत वडाध्यक्षको कोलममा भएको रु.२००० सुविधाको रकम झिकिएको उल्लेख छ । पालिकाले संशोधन पश्चात भुक्तानी गर्न नमिल्ने उक्त सुविधा देहायका वडाध्यक्षलाई र गत आर्थिक बर्षको छुट रकम समेत भुक्तानी गरेको छ । ऐनमा व्यवस्था विपरित भुक्तानी भएको सुविधाको रकम सम्बन्धित पदाधिकारीबाट असूल गर्नुपर्ने रु.

| वडाध्यक्षको नाम | खानेपानी तथा सरसफाई सुविधा वापत बार्षिक भुक्तानी रकम (प्रति महिना रु.२००० को दरले कर पछि) | विद्युत/उर्जा खर्च सुविधा वापत बार्षिक भुक्तानी रकम(प्रति महिना रु.२००० को दरले कर पछि) | जम्मा बढि भुक्तानी सुविधा रकम (कर पछि) | कैफियत |
|---|---|---|---|---|
| मुहुम्मद इसाहाक मू | ३१६८० | ३१६८० | ६३३६० | गो.भौ.नं.१५०।२०७९-०९-१२ बाट गत आ.व. २०७८।७९ को जेष्ठ र असार महिनाको उक्त शिर्षकको छुट सुविधा भुक्तानी समेत । |
| महम्मद हुसेन मुसलमान | ३१६८० | ३१६८० | ६३३६० | |
| शैलेन्द्र कुमार यादव | ३१६८० | ३१६८० | ६३३६० | |
| असफक अहमद मुसलमान | ३१६८० | ३१६८० | ६३३६० | |
| राघवेन्द्र प्रसाद पाण्डेय | ३१६८० | ३१६८० | ६३३६० | |
| सन्दीप कुमार चौधरी | ३१६८० | ३१६८० | ६३३६० | |

| | | | | |
|---|---|---|---|---|
| जनार्दन प्रसाद चौधरी | ३१६८० | ३१६८० | ६३३६० | |
| मुस्ताक अहमद मुसलमान | ३१६८० | ३१६८० | ६३३६० | |
| सर्फुदिन मुसलमान | ३९६० | ३९६० | ७९२० | गो.भौ.नं.३१६।२०७९-१२-१३ बाट गत आ.व. २०७८।७९ उक्त शिर्षकको छुट सुविधा भुक्तानी । |
| कृष्ण नारायण तिवारी | ३९६० | ३९६० | ७९२० | |
| | | जम्मा | ५२२७२० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,२२,७२० |

१०.२ **गत बर्षको पदाधिकारी छुट सुविधा -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित नगरि यस वर्षको बजेटमा गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी गत बर्षको पदाधिकारीको छुट सुविधाको गो.भौ.नं.३१६।२०७९-१२-१३ बाट वडा अध्यक्ष्यलाई सर्फुदिन मुसलमान र कृष्ण नारायण चौधरी लाई १९८००। को दरले कर पछि रु.३९६००। र गो.भौ.नं.१५०।२०७९-०९-१२ वाट कार्यपालिका सदस्य विमलावती चमारको गत आ.ब.को छुट सुविधा रु.१७०००। समेत रु.५६६००। भुक्तानी दिएको छ। यसरी छुट सुविधा भनि भुक्तानी दिएको रकम आर्थिक बर्षको सुरुवातमा भुक्तानी गर्नुपर्नेमा बर्षान्त भुक्तानी दिएको छ । यसर्थ उक्त सुविधा वास्तममै भुक्तानी दिन बाकि रहेको भनि सूनिश्चित गर्न सकिएन् । गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित नगरि यस वर्षको बजेटमा गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी पदाधिकारीको छुट सुविधाको रकम भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५६,६०० |

१०.३ **कानूनी, प्रेस तथा गा.पा.सल्लाहकार र मेलमिलाप विज्ञ–** लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पद गर्न नहुने उल्लेख छ । पालिकाले कानूनी, प्रेस तथा गा.पा.सल्लाहकार र मेलमिलाप विज्ञ नियुक्ती गरि देहायको मासिक तोकुवा सुविधा समेत वार्षिक रु.८४४४००।खर्च लेखेको छ । कानून विपरित खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । साथै उक्त खर्च नियमसम्मत नदेखिएको रु.

| पद | नाम | बार्षिक तलब खर्च(रु.) |
|---|---|---|

| | | |
|---|---|---|
| प्रेस सल्लाहाकार | राघवेन्द्र नाथ चौबे | १८०००० |
| कानूनी सल्लाहाकार | शैलेन्द्र कुमार धर दिवेदि | १६०४०० |
| मेलमिलाप विज्ञ | दिनेश चन्द्र त्रिपाठी | २५२००० |
| गा.पा.सल्लाहकार | सुर्फदिन मुसलमान | २५२०००(माघबाट नियुक्त) |
| | गा.पा .सल्लाहकारलाई तोकुवा मासिक सुविधा | |
| | इन्धन | ७००० |
| | यातायात | ७००० |
| | खानेपानी तथा सरसफाई | ८००० |
| | पत्रपत्रिका तथा इन्टरनेट | ५००० |
| | मर्मत संम्भार तथा उर्जा खर्च | १०००० |
| | **कुल बार्षिक खर्च** | **८४४४००** |

| | |
|---|---|
| अनियमित भएको | ८,४४,४०० |

११ **योजना तर्जुमा, बजेट तथा कार्यक्रमतर्फ**

११.१ **नीति तथा कार्यक्रमको कार्यान्वयन :** गाउँपालिकाको आ.व.२०७९/८० को नीति तथा कार्यक्रममा प्रस्तुत भएका भएका विषयवस्तुहरुमध्ये कतिपय ब्यहोराहरु यस आर्थिक बर्षमा कार्यान्वयन भएको पाईएन । नीति तथा कार्यक्रममा उल्लेख भएका ब्यहोराहरु कार्यान्वयन नभएका केही उदाहरणहरु देहाय अनुसार रहेका छन् ।

• कृषि तथा पशुजन्य उत्पादनलाई प्रशोधन गरि मुल्यवृद्धि श्रृंखलामा मा रुपन्तरण गरि बढी भन्दा बढी लाभ कार्यक्रम संचालन गर्ने ,

• पशु विमा तथा वालिविमा कार्यक्रमलाई अभियानको रुपमा संचालन गर्ने,

• साना किसान सहकारी संस्थामा बढी भन्दा बढी किसानलाई आबद्ध गरि सो संस्था मार्फत आय आर्जत तथा स्वरोजगार कार्यक्रम संचालन गर्ने,

• सा-साना सहकारीहरुलाई एकिकृत गराई पुजी बृद्धी मार्फत ग्रामिण क्षेत्रमा प्रभावकारी सेवाका लागि पहल गर्ने,

• गाउँपालिका भित्र विभिन्न क र ख वर्गका वित्तिय संस्थाहरु स्थापना गर्न आवश्यक पहल गर्ने,

• गाउँपालिका भित्रका विद्यालयहरुमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दीको व्यवस्था गर्न शैक्षिक व्यवस्थापन कोष स्थापना गर्ने,

• शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्ने,

• शिक्षाको गुणस्तर विकास गर्न शिक्षकलाई समय सन्दर्भिक तालिम उपलब्ध गराउने,

• एकल तथा विपन्न महिलाहरुलाई आयआर्जन तथा सिपमुलक कार्यक्रम संचालन गर्ने

• वातावरण तथा विपत व्यवस्थापन समिति गठन तथा विपत व्यवस्थापन कार्ययोजना निर्माण गरि विपत व्यवस्थापनकोष स्थापना गरि विपद व्यवस्थापन कार्य अघि बढाउने,

• आपतकालिन उदार कार्यलाई प्रभावकारी वनाउन स्थानीय युवा तथा सुरक्षा निकाय र रेडक्रस लगायत सरोकारवालाहरुको सहभागितामा गाउँपालिकास्तर र वडा स्तरमा आपतकालिन उदार तथा सहयोग समिति गठन गर्ने,

• गाउँपालिका भित्र रहेका पोखरी ताल इनारहरुको संरक्षणको गर्ने,

• गाउँपालिका कार्यालय मताहतमा रहेका सबै वडा कार्यालयहरुमा सुशासन युक्त वनाउन सम्पादन भएका काम कार्वाहीहरुको सन्दर्भमा वर्षमा कम्तीमा एक पटक सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने,

• लागुऔषध मादक पदार्थको उत्पादन तथा विक्री वितरणलाई पूर्णरुपमा बन्देज गर्न प्रशासन संग सहकार्य गरि कार्यक्रम संचालन गर्ने ।

गाउँसभामा प्रस्तुत नीति तथा कार्याक्रममा उल्लेखित ब्यहोराहरुको कार्यान्वयनको लागी आवश्यक पहल गर्नु पर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

११.२ **अबण्डा बजेट :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष मर्मत संभार कोषवाट रु ५१७२५३५।, अध्यक्षको निर्देशन वमोजिम सामाजिक सहायतामा रु १५०००००।,वडा नं ३ वडाध्यक्षको आदेश अनुसारको सहयोग कार्यक्रम रु ५०००००। र मठ मन्दिर / मस्जिद/ कवरीस्तान निर्माण खर्चमा रु १३९६१०५। अवण्डा वजेट राखि खर्च गरेको पाइयो। अध्यक्षको तोक आदेश र कार्यपालिकाको निर्णयबाट खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

११.३ **मर्मत संभार कोष अबण्डा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी

आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । कार्यालयले मर्मत संभार कोष कार्यक्रमको लागि एकमुष्ट रु ६००००००।को अवण्डा वजेट सभावाट पारित गरी विभिन्न ११ योजना कार्यक्रममा रु ५१७२५३५।खर्च गरेको पाइयो। योजनागत रुपमा स्पष्ट व्यवस्था गरी खर्च गरिनु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

११.४ **रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाको स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्नेछ । त्यस्तै स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिक, २०७४ को नियम ३.१ मा पूँजिगत शिर्षको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने उल्लेख गरेको छ । यस वर्ष पालिकाले शिर्षगत रुपमा एकमुष्ठ रु.३०६७६०३३। रकमान्तर गरेको छ । यसले गर्दा कुन शिर्षकबाट कुन शिर्षकमा रकमान्तर भएको हो यकिन भएन । कानुनमा भएको व्यवस्थाको परिपालना गरी रकमान्तर गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

११.५ **बजेट सीमा निर्धारण समिति** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गनुपर्ने जस्ता कार्यहरु फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्ष पछिको थप दुई वर्षको समेत प्रक्षेपण गर्नुका साथै तयार भएको आगामी आर्थिक बर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गते भित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा व्यवस्था भए अनुसार बजेट सीमा लगाएत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

११.६ **बजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ (१) मा ४ सदस्यीय बजेट तथा कयिक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपुरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको केही नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

११.७ **गत वर्षको भुक्तानी –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ।

पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित नगरि यस वर्षको बजेटमा गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी गतबर्षको साधु प्रसाद पाण्डेको घर अगाडी रहेको महादेव थान तथा इनार मर्मतको रु.२८४६८१। र सेमरौटीमा पी.सी.सी ढलान नाली निर्माण र माटो ग्रेभल योजनाको रु. ८२४७२। समेत रु.३७७१५३ भुक्तानी दिएको छ। गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित नगरि यस वर्षको बजेटमा गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,७७,१५३ |

११.८ **त्रैमासिक पूँजीगत खर्च –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च (रकम रु.हजारमा) | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १८७३८४ | ३०१ | ८४८५ | ४२१३४ | १३६४६४ | ७४४५३ |
| प्रतिशत | १८७३८४ | ०.१६% | ४.७० | २२.४८ | ७२.८२ | ३९.७३ |

उपलब्ध विवरणअनुसार वार्षिक रु. १८७३८४ हजार पूँजिगत खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.३०१ हजार(०.१६ प्रतिशत) खर्च ,दोस्रो त्रैमासिकमा रु.८४८५ हजार(४.७९ प्रतिशत) खर्च , तेस्रो त्रैमासिकमा रु. ४२१३४ हजार (२२.४८ प्रतिशत) खर्च र चौथौ त्रैमासिकमा रु.४२१३४ हजार (७२.६२ प्रतिशत ) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.७४४५३ हजार (३९.७३ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिकमा रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

११.९ **क्षेत्रगत बजेट र खर्च –** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | 33065000 | 30725902 | ५.६६ |

| | | | | |
|---|---|---|---|---|
| २ | पूर्वाधार विकास | 169240000 | 13880853 | २.५४ |
| ३ | सामाजिक विकास | 309611033 | 260173011 | ४७.७६ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | 15899967 | 12436852 | २.२८ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | 129630000 | २२७४६०३९२ | ४१.७६ |
| **जम्मा** | | **6574560000** | **544677009** | १०० |

उल्लिखित विवरण अनुसार कुल खर्च मध्ये आर्थिक विकासतर्फ ५.६६ प्रतिशत, सामाजिक क्षेत्रतर्फ ४७.७६ प्रतिशत, पूर्वाधारतर्फ २.५४ प्रतिशत, सुशासन र अन्तर सम्बन्धित क्षेत्रतर्फ २.२८ प्रतिशत र कार्य सञ्चालन तथा प्रशासनिक खर्च ४१.७६ प्रतिशतले खर्च गरेको छ। आर्थिक विकासतर्फ ५.६६ प्रतिशत मात्र खर्च रहेको देखिँदा गरिवी निवारण लगायतको कामको लागि यस क्षेत्रमा अधिक भन्दा अधिक बजेट विनियोजन गरि खर्च गर्नुपर्ने एवम् कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा खर्च धेरै गरेकोले प्रशासनिक खर्च तर्फ मितव्ययीता कायम हुनुपर्दछ । साथै, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा विनियोजन रकम एवं खर्च अभिबृद्धि गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१२ **योजना र कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने साथै मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समिति तथा निर्माण व्यवसायी मार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्ः

| क.सं. | विवरण | योजनासंख्या |
|---|---|---|
| १ | रु ५ लाखभन्दा कमको योजना | १५९ |
| २ | रु ५ लाख एक देखि २० लाख सम्मका योजना | ७६ |
| ३ | रु २० लाखदेखि माथिका योजना | १६ |
| | जम्मा | २५१ |

सैद्धान्तिक बेरुजु

१३ **लक्ष्य प्रगति**

पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गर्नुपर्दछ ।

| कार्यक्रम/योजना | | बार्षिक प्रगति स्थिति | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | सम्झौता भएको संख्या | शुन्य प्रगति | २५ प्रतिशत सम्म प्रगति | ५० प्रतिशत सम्म प्रगति | ७५ प्रतिशत सम्म प्रगति | ७५ प्रतिशत भन्दा माथि प्रगति | |
| कार्यक्रम संख्या | २५१ | ० | ० | ० | २५१ | २५१ | २५१ |

सैद्धान्तिक बेरुजु

१४ **अनुदान प्राप्ति,फिर्ता र वितरणतर्फ**

१४.१ **अनुदान फिर्ता –** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले प्राप्त अनुदान रकम मध्ये प्रदेश तर्फको फिर्ता गर्नुपर्ने रकम रु.११,९५,७८६ र संघिय सरकारको फिर्ता गर्नुपर्ने रकम रु.४,४९,६४,५०६.७२ मिति २०८०।श्रावणमा फिर्ता गरेको छ । आर्थिक बर्षको अन्त्यमानै रकम फिर्ता गर्ने कानूनी प्रावधानको पालना हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४.२ **अनुदानको अनुगमन –** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । यो बर्ष पालिकाले निम्नानुसारको कार्यक्रममा अनुदान खर्च लेखेकोमा पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गर्न स्थानीय अनुदान नीति तय गरेको छैन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

| **अनुदानको प्रकार** | **खर्च रकम** |
|---|---|
| ५०।७५ प्रतिशत अनुदानमा गहुको बिउ बितरण कार्यालय बाट भुक्तानी रकम | १८००००० |
| साना सिचाई अन्तर्गत मोटर बितरण ७५ प्रतिशत अनुदान | ४००००० |

| | |
|---|---|
| स्प्रे टंकी बितरण ७५ प्रतिशत अनुदान | ४००००० |
| ५० प्रतिशत अनुदानमा साना ब्यवासायिक उत्पादन केन्द्र गहु पाकेट कार्यक्रम अन्तर्गत विभिन्न २१ वटा फार्म | ५९९९९१ |
| साना ब्यवासायिक उत्पादन केन्द्र तरकारी पाकेट | १००००० |
| वाखा भैसी प्रवर्द्धन कार्यक्रम (विभिन्न २२ फर्म) | २४१३८३३ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१४.३ **अनुदानको एकीकृत अभिलेख :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले यस आर्थिक वर्ष अनुदान पाएका संस्थाहरुको अभिलेख तयार गरेको देखिएता पनि गत विगत वर्ष अनुदान प्राप्त गरेका संस्थाहरुको अद्यावधिक अभिलेख राख्ने गरेको देखिएन । यसरी अनुदान प्राप्त गर्ने संस्थाको अद्यावधिक अभिलेख नहुदा एक पटक अनुदान पाएको संस्थालाई एउटै प्रकृतिको काममा पटक पटक अनुदान भुक्तानी हुन सक्ने, प्रदेश र स्थानीय तहबाट केन्द्रले अनुदान उपलव्ध गराएको काममा समेत दोहोरो अनुदान भुक्तानी हुन सक्ने हुदा कार्यालयले अनुदान प्राप्त संस्थाको अद्यावधिक अभिलेख राखी अनुदान भुक्तानी कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१५ **सवारी साधन खरिद**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ। अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन न ५।१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ। पालिकाले यस वर्ष २ वटा पल्सर मोटरसाइकल खरिदमा रु. ७०५७९९। खर्च गरेको छ। कानूनी व्यवस्थाको पालना हुनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१६ **कर दस्तुर एवं आन्तरिक आयतर्फ**

१६.१ **स्रेस्ता तथा अभिलेखः** पालिकाले आन्तरिक राजस्व तर्फ निम्नानुसारको स्रेस्ता तथा अभिलेख तयार गरेको पाइएन । स्रेस्ता तथा अभिलेख पूर्ण रुपमा र व्यवस्थित नहुँदा पालिकाले नियमित रुपमा उठाउने मालपोत दस्तुर, सिफारिस दस्तुर, एकिकृत सम्पत्ती कर लगायतका विभिन्न् शिर्षकमा प्राप्त गरेको आयको यथार्थता लेखापरीक्षणको क्रममा एकिन गर्न सकिएन । तोकिएका अभिलेख तथा स्रेस्ता तयार नगर्ने तथा व्यवस्थित नगर्ने कर्मचारीलाई कानून बमोजिम जिम्मेवार बनाइ आन्तरिक

आयलाई व्यवस्थित, पारदर्शी, गणनायोग्य तथा तुलनायोग्य बनाईनुपर्दछ ।

- म.ले.प.फा.नं. १०२- दैनिक राजस्व आम्दानी खाता
- म.ले.प.फा.नं. १०३- गोश्वारा भौचर (राजस्व)
- म.ले.प.फा.नं. १०४- राजस्व आम्दानीको शिर्षकगत खाता
- म.ले.प.फा.नं. १०५- राजस्व आम्दानीको गोश्वारा खाता
- म.ले.प.फा.नं. १०६- राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता
- म.ले.प.फा.नं. १०७- राजस्व आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोश्वारा खाता

म.ले.प.फा.नं. १०८- राजस्व आम्दानी बैंक नगदी किताब

सैद्धान्तिक बेरुजु

१६.२ **कर तथा शुल्क असुली –** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा **५५, ५७, ५८** र **५९** मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ ।पालिकाले यस वर्ष रु.७० लाख आय प्रक्षेपण गरेकोमा रु.१ करोड ४ लाख ३४ हजार मात्र असुली गरेको विवरण पेश गरेको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझीलिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१६.३ **आन्तरिक आय –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक बर्ष २०७९/८० मा केन्द्रीय अनुदानको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आय प्रतिशत |
|---|---|---|
| ५४४६७७००९.४२ | १०४३४७०१.६४ | १.९१ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.९१ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यानदिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१६.४ **सेवा प्रवाह र आम्दानीः** पालिकाले नाता प्रमाणित, घरबाटो सिफारिस, व्यक्तिगत घटना दर्ता सिफारिस लगायतको दस्तुर नगदी रसिदबाट संकलन गरेकोमा के कति संख्यामा उक्त सेवाहरु प्रवाह गर्यो भन्ने खुल्ने सेवा प्रवाहको विवरण तयार गरी पेश गर्न नसकेको कारण सेवा प्रवाह र संकलित राजश्व भिडान गर्न सकिएन ।यसमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६.५ **सवारी कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६.६ **मनोरञ्जन कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७९।८० मा पालिकाले कूनैपनि मनोरञ्जन कर संकलन गरेको पाईएन । यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६.७ **व्यवसाय कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसाय कर रकम संकलन गरेको पाईएन् । गाउँपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । पालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख अध्यावधिक गरी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **वडा तथा पालिकाको आम्दानीतर्फ**

यो वर्ष पालिकाले राजस्व संकलनको लागि प्रयोग गरेको पूर्णिमा आई.टी.ग्रुपको सफ्टवयर र मालपोत संकलनको लागि मालपोत रसिद छपाई गरि वितरण गरेको छ । पालिकाबाट प्राप्त विवरण अनुसार वडा तर्फ रु.२८४३३०८ र गाउँपालिका तर्फ रु.२३३४१३५। गरी जम्मा रु.५१७७४४३ राजश्व असुल गरि दाखिला गरेको छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् -

१७.१ **ढिला राजस्व दाखिला गरेको :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को दफा २७(१) बमोजिम प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी दफा २८(२) बमोजिम आफ्नो जिम्मामा रहेको नगदी दाखिला गर्न बाँकि रहेकोमा कार्यालय प्रमुखले १० दिन सम्म ढिला गरेकोमा दश प्रतिशत जरिवाना सहित दाखिला गर्न लगाउने र सो भन्दा ढिलो गरेमा दश प्रतिशतले जरिवाना गर्न लगाई कसुरको मात्रा अनुसार विभागीय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ । तर अधिकाँश वडा सचिव तथा पालिका केन्द्र राजस्व शाखा प्रमुखले पन्ध्र दिन तथा महिनापश्चात् मात्र दाखिला गरेको अवस्था छ । नियमको कडाइका साथ पालना हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१७.२ **रसिद नियन्त्रण खाता -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ५१ मा ऐन वमोजिम राख्नुपर्ने प्रत्येक कारोवारको लेखा राख्नुपर्ने र आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ मा कार्यालयको कामलाई व्यवस्थित एवं मितव्ययी गर्न आन्तरिक नियन्त्रण व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । सो अनुसार नगद आम्दानी गर्ने कार्यालयले राजश्व असुल गर्न प्रयोग हुने मालपोत रसिद एवं नगदी रसिदको छपाई गरी रसिद नियन्त्रण खाता प्रविष्टि गरी सो बाट वुझेर लगेको अभिलेख राखि रसिद नियन्त्रणलाई व्यवस्थित गर्नु पर्दछ । पालिकाले सो अनुसार व्यवस्थित तरिकाले रसिद नियन्त्रण खाता राखेको पाइएन । जसवाट २०७९ आषाढमा कति रसिद वाँकी थिए र सो नगदी रसिद प्रयोग भए नभएको एकिन छैन । २०७९।८० को समेत नगदी रसिद खाता प्रमाणित गरी नराखेको र सामान्य टिपोटमा यो वर्ष विभिन्न वडालाई रसिद वुझाएको उल्लेख गरेको छ। राजश्व असुलीमा प्रयोग हुने नगदी रसिदको नियन्त्रण खाता राखि प्रमाणित गर्ने व्यवस्था कार्यान्वयन गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१७.३ **आय उपकरण परिचालन -** पालिकामा १ ट्राक्टर र प्रत्येक वडामा १ वटाको दरले ८ एम्बुलेन्स रहेकोमा संचालित एम्बुलेन्सहरु २०८० बैशाख सम्म वडा मार्फत संचालनमा रहेको, एम्बुलेन्सबाट प्राप्त भएको आम्दानी स्वास्थ्य चौकीहरु मार्फत संचालित एम्बुलेन्स व्यवस्थापन कोषमा जम्मा गर्ने र सोहि कोषबाट खर्च गरेको उल्लेख छ । उपकरणको चालक, इन्धन र मर्मत समेत खर्च लेखेको अवस्थामा ति उपकरण उपयोग आय र परिचालनको लगसिट लगानी र आय बिश्लेषण गरी सार्वजनिक हितमा प्रयोग गरेको अवस्था देखिएन । उपकरणहरु मार्फत प्रदान गरीने सेवाको आय र व्यय देखिने गरी व्यवस्थित अभिलेख राख्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## १८ प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन

१८.१ **दरबन्दि र पदपूर्ती :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्य बोझ, राजस्व क्षमता, खर्चको आकार स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन

सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४५ दरवन्दी स्वीकृत रहेकोमा प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत, पशु प्राविधिक सहित ३८ जना पदपूर्ति भई ७ पद रिक्त भएको देखिन्छ । दरबन्दी बमोजिम जनशक्ति पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पलिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्तपदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभाकारी बनाउनु पर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

१८.२ **तलवी प्रतिवेदन :** निजामती सेवा ऐन २०४९ को दफा ७ ख को उपदफा २, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ।पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३७ जना कर्मचारीको रु.२६७५९८४४। र पालिका समानिकरण अनुदान तर्फ २८ कर्मचारीको रु.१९२५३६५७। समेत १०५ जना कर्मचारीको रु.६६९७६५४९.६२ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी तलब खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

१८.३ **कर्मचारी करार –** कर्मचारी करार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले अ.न.मी., ल्याब असिस्टेन्ट, अमिन, ईलेक्ट्रिसियन, कार्यालय सहयोगी, माली,स्वीपर, लगायत पदमा ५५ जना कर्मचारी करार तथा ज्यालादारीमा नियुक्ति गरी बार्ष भरि रु.१७६६३३०० खर्च लेखेको विवरण पेश गरेको छ । पालिकाले रिक्त पदपूर्तीको लागि लोक सेवा आयोग समक्ष कर्मचारी माग गर्नु पर्नेमा सो गरेको देखिएन् ।

त्यसैगरी सोही ऐनको दफा ८३ (८) वमोजिम पालिकाले गाउँ प्रहरी, सवारी चालक, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बाँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ।पालिकाबाट पेश भएको विवरण अनुसार माथि उल्लिखित पद वाहेक पालिकामा दरबन्दी नरहेको कम्प्यूटर अपरेटर, सहायक कम्प्यूटर अपरेटर,कार्यालय सहायक, ना.प्रा.स. र प्राविधिक सहायक पदमा २६ जना करार तथा ज्यालादारीमा नियुक्ति गरी वर्षभरीमा रु.९०३६९७०। तलब भुक्तानी गरेको अनियमित देखिएको रु.

| | | |
|---|---|---|
| | अनियमित भएको | ९०,३६,९७० |

१८.४ **कर्मचारी सञ्चार सुविधा –** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयबाट जारी कार्य

संचालन निर्देशिका २०७७ (आठौं संस्करण) को परिच्छेद ७.१.५ मा उल्लेख भए बमोजिम सार्वजनिक निकायमा कार्यरत पदाधिकारी वा कर्मचारीलाई साविकमा प्रदान गरिदै आएको पोशाक खर्च, महँगी भत्ता र स्थानीय भत्ता बाहेकका प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरे बापतको भत्ता, जोखिम भत्ता, विशेष भत्ता, खाना वा खाजा खर्च लगायत कुनै प्रकारको भत्ता प्रदान नगरिने उल्लेख छ । पालिकाले यो बर्ष विभिन्न कर्मचारीको सञ्चार सुविधा वापत बर्षभरि रु.१५०६००। मोबाईलमा ट्रान्सफर तथा रिचार्ज खरिद गरेको बिल पेश गरेको आधारमा खर्च लेखेको छ । पालिकाको आन्तरिक आयश्रोत सुदृढ र मजवुत नभएको अवस्थामा यस्तो सुविधा वितरण गर्दा थप आर्थिक व्ययभार पारेको देखिन्छ। यसमा नियन्त्रण हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१८.५ **कल्याण कोष –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । यो बर्ष कर्मचारी अवकाश कोषमा रकम ट्रान्सफर भएको छैन् । पालिकाले उक्त कोषको संचालन सम्बन्धी कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन कानूनी व्यवस्थाको पालना हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## १९ कानून निर्माण एवं कार्यान्वयनतर्फ

१९.१ **कानून निमार्ण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३९ नमुना कानूनहरु बनाई उपलब्ध गराएकोमा गाउँपलिकाले हाल सम्म ११ वटा ऐन, ३ वटा नियमावली, ११ वटा कार्यविधि कानून, २ वटा अन्य कानूनन निर्माण गरी कार्यानवयनमा ल्याएको छ ।उक्त कानूनहरु राजपत्रमा प्रकाशित नभएको विवरण पेश गरेको छ । आवश्यक्ता अनुसार कानून तर्जुमा र कार्यान्वयन हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१९.२ **न्यायीक समिति –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्षको जिम्मेवारी १३ उजुरी, यो बर्ष दर्ता भएका ७० उजुरी समेत ८३ उजुरी दर्ता भएकोमा ३४ वटा मात्र फछ्यौट भई४९ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फछ्यौट वा कारवाही गरी टुङ्गो लगाउनुपर्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## २० खर्च बिश्लेषण

पालिकाले यस बर्ष कुल आन्तरिक आयबाट रु.१०४३४७०१.६४ राजस्व बाँडफाँड र अनुदानबाट रु.९०५९१६५२८.४५

समेत रु.९१६३५१२३०.०९ आम्दानी भएकोमा चालु तर्फ रु.३७२२३९८२३.५० र पूँजिगत तर्फ रु.१७२४३७१८५.९२ समेत रु.५४४६७७००९.४२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ७.७५ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु १०४७९४८७ खर्च भएको छ जुन आन्तरिक आयको ९९.५७ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६८.३५ प्रतिशत चालु र ३१.६५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **ईन्धन खर्चको मापदण्ड**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शनमा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने ,सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष भौचरसाथ सरकारी काममा सवारी साधन प्रयोग गरिएकोमा इन्धन खर्चको रकम भुक्तानी गर्दा बिलका साथ खरीद आदेश र सवारी साधन प्रयोग गरिएको लगबुक म.ले.प.फा.नं.९०५ समेत संलग्न नराखी इन्धन कार्यालय प्रयोजन तथा पदाधिकारी इन्धनको लागि रु.४६९४२४२। खर्च गरेको छ। इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२२ **सवारी साधन मर्मत**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । गाउँपालिकाले मर्मत खर्च भुक्तानी गर्दा म.ले.प.फा.नं. ४१५ र मर्मत अभिलेख खाता तयार नगरी रु.२९४३७९७। खर्च लेखेको छ । नियमको पालना तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२३ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक

रु.१७२४३७१८५.९२ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण**

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु अभिलेख राख्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ५९ वटा सहकारी संस्था रहेकोमा सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । पालिका भित्रका सम्पुर्ण सम्पुर्ण सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरि विवरण अद्यावधिक हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **आर्थिक सहायता**

पालिकाले यो बर्ष मुटु, मृगौला, क्यान्सर तथा मस्तिष्कघात औषधी उपचार लगायतको आर्थिक सहायता वितरणमा रु.२२ लाख खर्च लेखेको विवरण पेश गरेको छ । उक्त खर्च अध्यक्षको तोक आदेश, गाउँसभा तथा कार्यपालिकाको निर्णय वमोजिम खर्च लेखेको छ । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **आर्थिक सहायता वितरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक सहायताको लागि गो.भौ.नं. ४१७।२०८०-०२-०९ बाट पेश्की फस्यौंट गर्दा ४७ जना बिरामीलाई रु.२०९०००। र ५०५।२०८०-०५-०५ बाट बिरामीको औषधि खरिदको रु.२०००००। समेत रु.४०९०००। नगद वितरण गरेको छ । आर्थिक सहायता वितरण गर्दा उक्त बिरामीको सम्बन्धित डाक्टरको प्रिस्क्रिप्सन, बिरामीको प्रकृती खुल्ने आवश्यक कागजपत्र लगायतको खर्च पुष्टि हुने विवरण संलग्न भएको देखिएन् । साथै लाभग्राहिलाई बैंक खाता मार्फत भुक्तानी गर्नुपर्नेमा नगद वितरण गरेको छ

। यसले सम्बन्धितले सहायता रकम प्राप्त गरे नगरेको सम्बन्धमा यकिन गर्न सकिएन् । बैंक खाता मार्फत र खर्च पुष्टाई हुने प्रमाण पेश भए पश्चात मात्र आर्थिक सहायता भुक्तानी गर्ने व्यवस्था हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

---

२८ **महोत्सव तथा चाडपर्व खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ ले, पर्व, जात्रा, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु.४०४१७०। खर्च गरेको छ ।यस्तो खर्च नियन्त्रण गरिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

---

२९ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस पालिका केन्द्रले पालिका केन्द्र र वडा कार्यालय समेतको यो वर्ष विविधतर्फ (कार्यालयको चिया/खाजा/खाना तथा अन्य अतिथि सत्कार तर्फको खर्च) मात्र रु.५९५०३९२। खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

---

३० **खरिद कारवाहीको अभिलेख**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४९ (१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ । कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन । साथै ठेक्का सम्बन्धी गौश्वार लगत (म.ले.प.फा.नं.५०७) समेत तयार गरी राखेको पाइएन । जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वयन सम्बन्धी कारोबारको परीक्षण गर्न सहज भएन । सबै खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

---

३१ **नापी किताब**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम 123 अनसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा करारनामा शर्त बमोजिम प्रविधिक नाप जाँच गरी नापी किताव (मेजरमेण्ट बुक) मा उल्लेखित भएको वास्तविक कार्य सम्पादन वा सम्पन्न भएको कार्यको आधारमा मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । त्यस्तै म.ले.प.फारम नं. ५०३ नापी किताब प्रमाणित गरी राख्नपर्ने व्यवस्था छ । निर्माण कार्यको नापीको परिमाण अभिलेख गर्न, नापी किताबमा चढे बमोजिमको कामको मात्र निर्माण व्यवसायीलाई भुक्तानी गर्न यो फारामको मुख्य उद्देश्य रकेको छ । पालिकाले यस आ.व. मा संचालित केही योजनाहरुको नापी किताब प्रमाणित नगरी भुक्तानी दिएको पाइयो । जसले कार्य सम्पन्न ठिक तरिकाले सही स्थानमा

सही परिमाणमा भए नभएको एकिन गर्न सकिएन । ऐनमा भएको व्यवस्था पालना गर्नुपर्छ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

३२ **न्यूतम दररेट**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक बर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूतम दररेट तोक्नुपर्ने व्यवस्था छ ।तर पालिकाले हालसम्म स्थानीय न्यूनतम दररेट निर्धारण गरेको पाइएन ।कानूनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

३३ **ढुवानी/मेसिन बहाल कर**

नेपाल सरकार अर्थ मन्त्रालयले २०७५।१।१० मा नेपाल राजपत्रमा प्रकाशन गरेको सूचना अनुसार आ आफ्नो क्षेत्राधिकार भित्रका प्राकृतिक व्यक्तिले आर्जन गर्ने घर बहाल आयमा लाग्ने घर बहाल कर स्थानीय तहले संकलन गर्ने व्यवस्था छ । जस अनुसार घर भाडाको भुक्तानीमा कटाएको कर बाहेक अन्य मेसिन, ढुवानी भाडा भुक्तानीमा काटिएको कर रु.२४१८४२।संघीय संचित कोषमा दाखिला गर्नुपर्नेमा स्थानीय संचित कोषमा नै राखेको देखियो ।तसर्थ उक्त कर स्थानीय संचित कोषबाट संघिय संचित कोष दाखिला गर्नुपर्ने रु.

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | २,४१,८४२ |

३४ **विपद व्यवस्थापनतर्फ**

३४.१ **समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको/समिति गठन गरेकोमा २ पटक बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन। ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

३४.२ **कार्य योजना –** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले उल्लेखित प्रावधानहरुको कार्यान्वयन गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु

पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३४.३ **वार्षिक प्रतिवेदन –** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३५ **धरौटी फिर्ता**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम (१२४) मा निर्माण कार्यको हकमा त्रुटी सच्याउने अवधी समाप्त भएपछि धरौटी रकमको ५० प्रतिशत रकम फिर्ता गर्न सकिने र धरौटीको बाँकी ५० प्रतिशत रकम सम्बन्धित आपुर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको र मू.अ.कर समायोजन गरेको प्रमाण कागजात पेश गरे पछि भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमका फर्महरुलाई धरौटी फिर्ता दिँदा कर समायोजन पत्र निवेदन चेक बुझेको भर्पाइ समेत संलग्न नगरी धरौटी रकम फिर्ता दिएको रु.

| भौ नं र मिति | फर्मको नाम | फिर्ता रकम | कैफियत |
|---|---|---|---|
| २।२०७९।६।१२ | असद निर्माण सेवा रुपन्देही | ३८०००० | कर समायोजन पत्र नभएको । |
| ५।२०७९।६।३१ | कृष्ण कन्ट्रक्सन कपिलबस्तु | ७६०६३ | कर समायोजन पत्र नभएको । |
| १६।२०८०।३।२० | सोनु कन्ट्रक्सन कपिलबस्तु | १०१८५५ | कर समायोजन पत्र नभएको । |
| | जम्मा | ५५७९१८ | |

| प्रमाण पेश नगरेको | ५,५७,९१८ |
|---|---|

३६ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ५ बमोजिम एक आर्थिक वर्षमा गएको पेस्की सोही वर्षमा फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । नियमावलीको नियम ५१ मा सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फर्छ्यौटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले बार्षिक दश प्रतिशतको दरले ब्याज समेत लगाइ असुल गर्ने व्यवस्था छ देहाय बमोजिमको पेश्की समेत फर्छ्यौट नभएकोले म्याद नाघेको पेश्की फर्छ्यौट हुनुपर्ने रु.

| **मिति** | **गो.भौ.नं.** | **प्रयोजन** | **पेश्की प्राप्त गर्नेको नाम** | **पद** | **रकम** |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| कर्मचारी पेश्की | | | | | |
| २०७९/०६/१३ | २० | दशै तिहार र अन्य पर्बमा सहयोग कार्यक्रम | श्याम कुमार कामत | सहायक पाँचौ | २००००० |
| २०७९/११/१५ | २६२ | अध्यक्षको निर्देशन बमोजिम सामाजिक सहायता | रामचन्द्र कुर्मी (चौधरी) | सूचना प्रबिधि अधिकृत | १२५०००० |
| २०७९/११/३० | २८५ | पालिका स्तरीय स्वःमूल्यांकन सम्बन्धी अभिमुखीकरण तालिम | रामचन्द्र कुर्मी (चौधरी) | सूचना प्रबिधि अधिकृत | २००००० |
| २०७९/१२/०८ | ८९ | हात्तीपाइले रोग बिरुद्धको आम औषधि सेवन अभियान) | रन कुमार श्रेष्ठ | अधिकृत छैठौं | ६००००० |
| ०७९/१२/२० | ९८ | पोषण कार्यक्रम | शंकर बैठा | अधिकृत छैठौं | ४००००० |
| २०८०/०२/३१ | ४७९ | पदाधिकारी र कर्मचारीको संयुक्त भ्रमण | शिव गुलाम कलवार | सव इञ्जिनियर | १००००० |
| २०८०/०३/१३ | ५५४ | आइसिटी बेश अभिमूखिकरण तालिमहरु संचालन | रामचन्द्र कुर्मी (चौधरी) | सूचना प्रबिधि अधिकृत | १४९७०० |
| २०८०/०३/२२ | ६३० | शुद्ध खानेपानी व्यवस्थापन तथा हैण्डपाइप खरिद तथा वितरण | श्याम कुमार कामत | सहायक पाँचौ | १५०००० |
| **संस्थागत पेश्की** | | | | | |
| २०७९/१०/१९ | ५२ | मातृ तथा नवशिशु कार्यक्रम कार्यक्रम | पकडी स्वास्थ्य चौकी | | ९३८६०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २०७९/१०/१९ | ५२ | मातृ तथा नवशिशु कार्यक्रम | प्रथमिक स्वास्थ्य केन्द्र हरनामपुर | | १५५२०० |
| २०८०/०३/२२ | २१४ | मातृ तथा नवशिशु कार्यक्रम | पकडी स्वास्थ्य चौकी | | ९८२२०० |
| २०८०/०३/२२ | २१४ | मातृ तथा नवशिशु कार्यक्रम | प्रथमिक स्वास्थ्य केन्द्र हरनामपुर | | २२५६०० |
| **व्यक्तिगत पेश्की** | | | | | |
| २०७९/०६/१२ | १२ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | राम शिव कुर्मी | | १५०००० |
| २०७९/१०/१७ | ५१ | पोषण संवेदनशील क्षेत्रका कार्यक्रमहरू सञ्चानल) | विरेन्द्र कुमार यादव | | १५०००० |
| २०७९/१०/१७ | २१८ | खेलकुद मैदान तथा खेल सामाग्री वितरण कार्यक्रम | श्याम कुमार विश्वकर्मा | | १५०००० |
| २०७९/१०/२७ | ५५ | पोषण सुधारको लागि कार्यक्रमको गर्न अनुदान | विरेन्द्र कुमार यादव | | ३५०००० |
| २०७९/११/२९ | २८२ | खेलकुद मैदान तथा खेल सामाग्री वितरण कार्यक्रम | श्याम कुमार विश्वकर्मा | | १००००० |
| २०७९/१२/३० | ११७ | नियमित खोप सुदृढीकरण, पूर्ण खोप सुनिश्चतता दिन र सरसफाई प्रबद्र्धन प्याकेज | भावना यादव | | २३०००० |
| २०८०/०१/१३ | ३६६ | खेलकुद मैदान तथा खेल सामाग्री | श्याम कुमार विश्वकर्मा | | १५०००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | वितरण कार्यक्रम | | | |
| २०८०/०२/०९ | १७६ | समपुरक कोष | जमशेद अहमद | | २००००० |
| २०८०/०२/१९ | ४५२ | आर्थिक सहायता | श्याम कुमार विश्वकर्मा | | १५०००० |
| २०८०/०२/३१ | ४७९ | नेभ्लाको प्रविधिक सहयोगमा एक दिने पशु स्वास्थ्य शिविर | युवराज घिमिरे | | २००००० |
| ०८०/०३/१० | १८१ | पोषण संवेदनशील क्षेत्रका कार्यक्रमहरू सञ्चानल) | विरेन्द्र कुमार यादव | | २००००० |
| २०८०/०३/१० | १८१ | पोषण संवेदनशील क्षेत्रका कार्यक्रमहरू सञ्चानल) | विरेन्द्र कुमार यादव | | ४२५००० |
| २०८०/०३/२४ | ६५१ | उत्कृष्ठ सिकाई उपलब्धि पुर्याउने शिक्षकहरुलाई पुरस्कार तथा सम्मान पत्र | दान बहादुर चौधरी | | ५०००० |
| २०८०/०३/२४ | ६५१ | उत्कृष्ठ सिकाई उपलब्धि भएका विद्यालयहरुलाई प्रोत्साहन अनुदान तथा सम्मान पत्र | दान बहादुर चौधरी | | ५०००० |
| २०८०/०३/२४ | ६५२ | विपद् व्यवस्थापन | श्याम कुमार विश्वकर्मा | | ३००००० |
| | | | | **जम्मा** | **८२०६३००** |

| | |
|---|---|
| पेश्की | ८२,०६,३०० |

३७ **कन्टिन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) बमोजिम योजनाको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्चको लागी २ प्रतिशत र सानातिना अन्य खर्चको लागि २ प्रतिशत गरी जम्मा ४ प्रतिशत कन्टिन्जेन्सी बापत रकम छुट्याउने र यसरी छुट्याईएको रकमलाई सम्बन्धित मन्त्रालय वा केन्द्रिय निकायबाट स्वीकृत गराई खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट गाउँपालिका योजनाबाट ३ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३८ **गत बर्षको भुक्तानी बाकीं**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित नगरि यस वर्षको बजेटमा गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी गत बर्षको देहायको खाजा,खाना,ईन्धन तथा मसलन्दको रु.८९५२४४।भुक्तानी दिएको छ । यो बर्ष (२०७९।८०) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित नगरि यस वर्षको बजेटमा गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

| गो.भौ.नं.।मिति | भुक्तानी प्राप्त गर्नेको नाम | भुक्तानी रकम |
|---|---|---|
| ७३।२०७९-०७-२३ | आ.र.के रेष्टुरेन्ट | ६००००० |
| २४।२०७९-०६-१३ | इन्धन-शंकर पार्वती | १५४१२४ |
| ३५।२०७९-०६-२६ | विराट कम्प्यूटर्स | १४११२० |
| | जम्मा | ८९५२४४ |

| | |
|---|---|
| अनियमित भएको | ८,९५,२४४ |

३९ **गाउँपालिका पूजिगततर्फ**

३९.१ **बढी भुक्तानी :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।कार्यालयले ठेक्का नं २।२०७९।८० का निर्माण व्यवसायी श्री कृष्ण कन्स्ट्रक्सनलाइ अन्तिम विल रु ७१६९०१।भुक्तानी गर्दा मोविलाइजेशन पेश्की रु २०००००। फछ्यौंट नगरी पुरै रकम भुक्तानी भएकोले उक्त पेश्की रकम असूल हुनुपर्ने रु

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | २,००,००० |

३९.२ **नव प्रवर्धन साझेदारी कोष** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ५ बमोजिम एक आर्थिक वर्षमा गएको पेस्की सोही वर्षमा फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । नव प्रवर्धन साझेदारी कोषको खर्च भुक्तानीमा स्टेसनरी नर्म्स भन्दा वढि भुक्तानी भएको रअन्यको नपुग कर असूल हुनुपर्ने रु

| गो.भौ.र मिति | खर्चको विवरण | भुक्तानी लिनेको नाम | वढि भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ६४।२०७९।१२।१ | २०७९।११।११ देखि १४ सम्म अभिमुखिकरण कार्यक्रम | रविन्दनाथ यादव | ४००००। | उक्त तालिममा सहभागिलाइ ४ दिन कापि कलम वितरण गरेको खर्च दावि |
| ७८।२०७९।१२।८ | २०७९।११।२३,२५ र २६ सम्मा अभिमुखिकरण कार्यक्रम | रविन्दनाथ यादव | २३९००। | उक्त तालिममा प्रशिक्षण भत्ता ,४ दिन कापि कलम वितरण र अनुगमणको भत्ता नवुझेको खर्च दावि |
| १३६।२०८०।१।५ | २०८०।१।१ देखि २ सम्म अभिमुखिकरण कार्यक्रम | जम्सेद अहमद मू | ६९००। | उक्त तालिममा सहभागिलाइ २ दिन कापि कलम वितरण गरेको खर्च दावि |
| १४६।२०८०।१।२६ | २०८०।१।१२ देखि १३ सम्म अभिमुखिकरण कार्यक्रम | जम्सेद अहमद मू | १५६००। | उक्त तालिममा सहभागिलाइ २ दिन कापि कलम वितरण गरेको खर्च दावि |
| १४८।२०८०।१।२६ | २०८०।१।१६ देखि २२ सम्म अभिमुखिकरण कार्यक्रम | जम्सेद अहमद मू | २५३००। | उक्त तालिममा सहभागिलाइ ३ दिन कापि कलम वितरण गरेको खर्च दावि |
| १३३।२०८०।१।१३ | पार्श्वचित्र निर्माण | एफोड नेपाल | १२४६३। | पार्श्वचित्रको भ्याट विल पेश नभएकोले कूल खर्च विलको १५ प्रतिशत रु.६४०६५।कट्टी गर्नुपर्नेमा नपुग । |
| ३३४।२०८०।३।२४ | जेसिविलाइ रु. ३२५०००।भाडा भुक्तानी | सागरमाथा उपभोक्ता समिति | १७५८० | कट्टि गर्नुपर्ने रु ३२५००।मध्ये रु १४९२०। दाखिला भएको |

| | | | | |
|---|---|---|---|---|
| | | जम्मा | १४१७४३ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४१,७४३ |

३९.३ **प्रोभिजनल समको विल पेश नभएकोः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।कार्यालयले १५ शैया अस्पतालको छैठौ रनिङ विलको आकृती पन्त जे. भि लाई Laboratory test आइटमको विलवेगर रु ५५००००। भुक्तानी दिएकोले विल भर्पाइ पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,५०,००० |

३९.४ **सोझै खरिदः**- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू.१० लाख देखि रू.२०लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। नमुना छनौट गरि परीक्षण गर्दा यो वर्ष पालिकाले एकै प्रकृतिको निम्नानुसारका निर्माण कार्यको लागि प्रतिस्पर्धा नगराई विभिन्न निर्माण व्यवसायीबाट सोझै खरिद गरी रु.१ करोड २८ लाख ३५ हजार खर्च गरेको छ । पालिकाले ऐन नियममा भएको व्यवस्था बिपरित पटक पटक सिमा भन्दा बढीको खरिद कार्य सोझै गरेको नियमसम्मत नदेखिएको रु.

| **गो. भौ. नं./मिति** | **फर्मको नाम** | **खरिदको प्रकार** | **रकम** |
|---|---|---|---|
| ९।२०७९।७।३० | ग्रीन नेपाल निर्माण सेवा | वडा नं ४ र ५ भरिमा सडक मर्मत | ९४०७४९ |
| ७७।२०७९।१२।८ | स्यानु कन्स्ट्रक्सन | वरसौली गाउदेखि उत्तर तर्फको वाटो ढलान | ९६८६३६ |
| २४८।२०८०।३।११ | भार्गो निर्माण सेवा | अतरपरी श्यामलाल यादवको घर देखि मेन सडकसम्म माटो ग्राभेल तथा ह्युम पाइप जडान | ९६६६७७ |
| १००।२०७९।१२।२ | अर्याल निर्माण सेवा | वहरवासि देखि चन्दुवानिया घरसम्म वाटो मर्मत | ९६९१५२ |
| १२८।२०८०।१।११ | रिमिक्स कन्स्ट्रक्सन प्रा लि | रतनपुर गाउदेखि दुख्खी यादवको घरसम्म पिसिसि ढलान | ९६५६८३ |
| २६९।२०८०।३।७ | शाहि पोखेल कन्स्ट्रक्सन | भरवलिया गाउको धर्मशालदेखि उत्तर जाने वाटोमा माटो ग्राभेल | ९६८४७९ |

| | | | |
|---|---|---|---|
| १३४।२०८०।१।१५ | विन्धवासिनी निर्माण सेवा | सानो सिसहनिया गाउदेखि रजवारपुरको सिमानासम्म सडक ग्राभेल | ९६५७०२ |
| ३०६।२०८०-०३-२१ २८।२०८०-०३-२२(नवप्रबर्द्धन) | नुरन निशान सःमिल | काठ तथा जालीको बाखा खोर खरिद ८५ थान | १२५७८२५ |
| २३७।२०८०।३।७ | इरफान कन्स्ट्रक्सन प्रा लि | वरकुल गाउको पूर्व पोखरीमा धर्मशाला निर्माण | ९६७६३८ |
| २६८।२०८०।३।१५ | तपेश्वरी निर्माण सेवा | सानो सिसहानियाको पोखरीमा पर्खाल निर्माण | ९६८९९७ |
| ७९।२०७९।१२।८ | न्यू चौधरी निर्माण सेवा | विजुवा सामूदायिक भवनको पूर्वाधार विकास | ९६७१३५ |
| ४७।२०७९।११।४ | जे पि निर्माण सेवा | ह्युम पाइप खरिद तथा जडान | ९६७८३९ |
| १०४।२०८०।१२।२३ | देवकोटा सप्लायर्स | ट्रान्सफरमर खरिद | ९६०५०० |
| | | जम्मा | १२८३५०१२ |

| | |
|---|---|
| अनियमित भएको | १,२८,३५,०१२ |

३९.५ **सौर्यपम्प जडान :** कार्यालयले कृषि सिचाइका लागि सौर्य सिचाइ प्रणाली जडानको लागि वैकल्पिक ऊर्जा प्रवर्धनको ६० प्रतिशत र उपभोक्ताको ४० प्रतिशत न्यूनतम साझेदारी रहने गरि वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रमा सूचिकृत भएको सि पि इन्टरनेशनल / वल्डवाइज जे भि सग प्रति सौर्यपम्प रु ८९६०४२।का दरले गत वर्ष सम्झौता भइ सम्पन्न भएका ७ कार्यक्रममा उपभोक्ता समितीले साझेदारी नगरि यस वर्ष कार्यपालिकोले निर्णय गरि समपुरक कोषवाट उक्त रकम व्यहोर्ने गरि खर्च लेखेको पाइयो।उपभोक्ताले साझेदारी गर्नु पर्ने रकम पालिकावाट दिएको नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २५,०८,९१८ |

३९.६ **निर्माण व्यवसायी कोष कट्टि** : निर्माण व्यवसाय नियमावली २०५६ को नियम १४ मा निर्माण व्यवसायीले स्वीकृत ठेक्का अङ्कको ०.१० प्रतिशतको दरले हुन आउने रकम निर्माण व्यवसायी कोष दाखिला गर्नुपर्नेमा व्यवस्था रहेकोमा आकृती पन्त जे.भि लाइ रु ९४५२४३७१। (एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम )को विल भुक्तानी गर्दा निर्माण व्यवसायी कोष कट्टि नगरेकोले असूल गरि दाखिला हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९४,५२४ |

३९.७ **नपाउने मूल्य समायोजन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ मा मूल्य समायोजन सम्बन्धी व्यवस्था छ। कार्यालयले ठे.नं. २।२०७८।७९ का निर्माण व्यवसायी माउन्टेन आकृती पन्त जे भि लाइ मूल्य समायोजन वापतको रकम भुक्तानी गर्दा लमसम आइटमको रु १६५००००।नघटाई मूल्य समायोजन दिएकोले इन्डेक्स फ्याक्टर ०.१३२१ ले हुने रु. २१७९६५/- मा १३ प्रतिशत मूल्य अभिवृद्धि कर थप समेत रु. २४६३००/- बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४६,३०० |

३९.८ **मधेश समृद्ध कार्यक्रम :** तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७९ को परिच्छेद ४) को बुदां नं.११(४) मा कार्यक्रम अन्तरगत प्राप्त अनुदान रकम स्वीकृत आयोजनामा बाहेक अन्य प्रयोजनमा खर्च गर्न पाइने छैन । साथै आर्थिक वर्षको अन्त्यसम्ममा खर्च नभई बाँकी भएको रकम संघीय संचित कोषमा फिर्ता दाखिला गर्नुपर्ने उल्लेख छ ।कार्यालयले मानखोरिया डिप वोरिङ जडानको कार्य मनकामना ड्रिलिङ कम्पनी प्रा लि संग प्रतिस्पर्धावाट गराइ रु १६५८४३२। भुक्तानि दिइ वचत रकम फिर्ता गर्नु पर्नेमा पुन वोरिङ जडानसंग सम्वन्धित कार्य प्रतिस्पर्धा नगराइ मनकामना ड्रिलिङ कम्पनी प्रा लिसंग गराइ रु ५९७५४९।खर्च गरेको नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ५,९७,५४९ |

३९.९ **कर कट्टी -** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ अनुसार भएको कारोबारको भुक्तानी गर्नुपूर्व अग्रिम कर कट्टि गर्नुपर्ने व्यवस्था छ ।जनता आधारभूत विद्यालय मनखोरियालाइ आइसिटि ल्यावखरिद गरि रु ५७४०००।भुक्तानी दिएकोमा रु ८६१०।कर कट्टा गर्नुपर्नेमा रु २८७०।मात्र कट्टा गरेकोले नपुग रु ५७४०।असुल गरी दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,७४० |

३९.१० **जग्गाको मुआव्जा :** जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ मा सार्वजनिक कामको लागि जग्गा प्राप्त गर्ने अधिकार नेपाल सरकारलाई हुने तथा प्रदेश वा स्थानीय तहको लागि जग्गा उपलव्ध गराउन नेपाल सरकार समक्ष अनुरोध गर्नु पर्ने व्यवस्था छ । ऐनको दफा २३ मा नेपाल सरकारको नाममा प्राप्त भएको जग्गा नेपाल सरकारको नाममा नामसारी गरी मालपोत लगत कट्टा गर्नु पर्ने हुन्छ । पालिकाले यो वर्ष पिपरा गौरा सिसहानिया सडक अन्तर्गत वुलडिहवा वाटो निर्माण तथा जग्गाको मुआव्जा वापत नइमुल्लाह मु लाइ २०८०।३।५ को कार्यपालिका निर्णयवाट रु ११०००००।अनुदान दिएकोमा उक्त जग्गा व्यक्तिवाट लगत कट्टा गरि नेपाल सरकारको नाममा नामसारि गरेको प्रमाण पेश नभएकोले नामसारि प्रमाण पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,००,००० |

३९.११ **लागत साझेदारीः** कार्यालयले ५० प्रतिशत लागत साझेदारीमा खाद्य गोदाम घर निर्माणको लागि युरोटिक चन्द्र जे भि संग भ्याट समेत रु २४५२१७७३।को सम्झौता भइ कार्य भइरहेकोमा रु ४९०००००।पेश्की र ३८६३५९७।विलको भुक्तानी समेत रु ८७६३५९७।संघिय वजेटवाट खर्च भएको छ। समपुरक रकम आनुपातिक हिसावमा पालिकाको रु

४३८१७९८।खर्च भुक्तानी गर्नुपर्नेमा संघको वजेट मात्र खर्च गर्नु नियमसम्मत देखिएन।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३९.१२ **गोश्वारा भौचर पेश नभएको** ÷ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ३५ मा कार्यालयले गरेको आर्थिक कारोबार सम्बन्धि लेखा श्रेष्ता अन्तिम लेखापरीक्षणमा पेश गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाले बैंक नगदि किताबमा खर्च जनाएको देहाएको कारोबारको लेखा श्रेष्ता लेखापरीक्षणको क्रममा पेश हनु नआएकोले पेश गर्नुपर्ने रु.

| **ब.उ.सि.** | **गो.भौ. नं. र मिति** | **खर्च रकम** |
|---|---|---|
| गा.पा. पूँजिगत | ९ | ४१७१८७ |
| गा.पा. पूँजिगत | १२४ | ३८४८५० |
| गा.पा. पूँजिगत | १३८ | ११०००० |
| | जम्मा | ९१२०३७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,१२,०३७ |

४० **सवारी साधन भाडा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ अनुसार मालसामान खरिद, अन्य सेवाको खरिद गर्न रु. २० लाखसम्म शिलबन्दी दरभाउपत्र र सो भन्दा माथीको लागि बोलपत्र माग गरी प्रतिस्पर्धा गराई खरिद गर्नु पर्ने व्यवस्था छ । पालिकाले भ्रमण अभिलेख खाता तथा भ्रमण अनुगमन प्रतिवेदन तयार गरे वेगर विभिन्न समयमा देहाय बमोजमि एकै सवारी साधन भाडामा लिई प्रति दिन रु.४०००। को दरले रु ११४८०००। खर्च गरेको छ ।यसरी पटक पटक एकै प्रकृतिको सेवा खरीद गर्दा सार्वजनिक खरीद कानूनको पालना भएको देखिएन । उक्त सवारी साधन भाडामा लिदा सार्वजनिक खरीद कानूनको पालना नभएको एवँ खर्च पुष्टी हुने अनुगमन प्रतिवेदन समेत पेश नभएकोले नियमसम्मत देखिएको छैन ।

| गो भौ नँ | मिति | विवरण | रकम |
|---|---|---|---|
| ९१ | २०७९/०७/३० | फैजान आयल सप्लायर्सलाइ गाडी भाडा वापतको रकम भुक्तानी । | १९६००० |
| २४८ | २०७९/११/१० | फैजान आयल सप्लायर्सलाइ गाडी भाडा वापतको रकम भुक्तानी । | ३५२००० |
| ६४६ | २०८०/०३/२३ | फैजान आयल सप्लायर्सलाइ गाडी भाडा वापतको रकम भुक्तानी । | ६००००० |
| | | जम्मा | ११४८००० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४१ **तरकारी पकेट कार्यक्रम**

रामकृत तरकारी फर्म संग भएको सम्झौता अनुरुप देहाय बमोजिम कृषि सामाग्री खरिद गरि बितरण गरेको पाईयो । बितरण गर्दा कृषक छनौटको आधार, सिफारिश र कार्य सम्पादनको अनुगमन हुनुपर्दछ ।

| फर्मको नाम | सामाग्री | परिणाम | दर | जम्मा रु |
|---|---|---|---|---|
| मौर्य बिउ बिजन सेन्टर मायादेवी | तरकारी कम्पोजिट बिउँ पकेट | १५०० (पैकेट) | २०० | ३००००० |
| मौर्य बिउ बिजन सेन्टर मायादेवी | सुक्ष्म तत्व जिंक खरिद | २००० के जी | १५० | ३००००० |
| मनोज एग्रोभेट सेन्टर | जैविक मल | ६२५० | ४८ | ३००००० |
| मनोज एग्रोभेट सेन्टर | बिषादी | २००० लिटर | १५० | ३००००० |
| लुम्बिनी टेक्ट्रर सप्लायर्स | इलेक्ट्रनिक स्प्रेर टंकी | ८५ वटा | ४४२५ | ३७६१२५ |
| लुम्बिनी टेक्ट्रर सप्लायर्स | इलेक्ट्रिक मोटर | १५ वटा | २२१२५ | ३३१८७५ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४२ **गरिवी निवारणका लागि लघुउद्यम**

*✂................(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण भई पेश भएको आधारमा मिति २०८०।१२।३० को निर्णयबाट रु.८८४०० ।- सम्परीक्षण गरिएको)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४३ **गँहु बाली उत्पादन प्रवर्द्धन कार्यक्रम**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७७ को ३८(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाई, प्रमाण र कागजात पेश गर्नुपर्ने ब्यबस्था रहेको छ । गँहुबाली कृषि कार्यक्रम अन्तर्गत देहायका कृयाकलाप संचालन भएकोमा कृषक छनौटको आधार, सिफारिश र कार्य सम्पादनको अनुगमन हुनुपर्दछ ।

| सि नं | भौ नं र मिति | फर्मको नाम | खरिद सामाग्री | परिणाम | दर | जम्मा | बितरण परिणाम | कार्यालयको योगदान | कृषकको योगदान |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४५।२०७९।१०।१३ | बुद्ध सिड कम्पनी प्रा लि | गंहुको बिउ खरिद | ३४७ बोरा | २८८० | ९९९३६० | ३४७ | ४९९६८० | ४९९६८० |
| २ | ६२।२०७८।११।११ | मौर्या सिड स्टोर | जीक माईक्रो मिक्स | ६६६६ केजी | १५० | ९९९९०० | ६६६६ | ८००००० | २००००० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | ६६।२०७९।११।१६ | न्यू यादव एग्रो भेट सेन्टर | सल्फोसल्फ्यूरान | १६६६ लिटर | ६०० | ९९९६०० | १६६६ | ४९९८०० | ४९९८०० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४४ **गाउँपालिका चालुतर्फ**

४४.१ **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने साथै नियमावली, २०६४ को नियम ८५ अनुसार १० लाख सम्मको सोझै, नियम ८४ अनुसार २० लाख सम्म सिलवन्दी दरभाउ र नियम ३१ अनुसार बीस लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको वोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने उल्लेख छ । पालिकाले यो वर्ष विभिन्न कार्यालय सामाग्री तथा मसलन्द, फर्निचर, कम्प्यूटर, ल्यापटप लगायतका सामाग्री सोझै खरिद गरेको देखिन्छ । मसलन्द,कार्यालय सामाग्री तथा फर्निचर, कम्बल,शैक्षिक सामाग्री, कम्प्यूटर, ल्यापटप लगायतका सामाग्री खरिदको लागी देहायका विभिन्न गो.भौ.नं.बाट रु.७७०८६९९। भुक्तानी खर्च भएकोमा दररेट माग गरी सोझै खरिद प्रकृयाबाट खरिद भएको अवस्था छ । सोझै खरिद गर्ने प्रकृयामा नियन्त्रण गरी प्रतिस्पर्धाबाट खरिद गर्ने विधिको पालना गर्नुपर्ने देखिएको छ ।

| गो.भौ.नं.।मिति | आपूर्तक | भुक्तानी रकम | प्रयोजन |
|---|---|---|---|
| ६४४।२०८०-०३-२३ | चौधरी इण्टरप्राइजेज | ३५२७१९ | मसलन्द |
| ६४५।२०८०-०३-३२ | गोल कम्प्यूटर एण्ड सप्लार्यस | ५२८२८८ | मेसिनरी सामान |
| ६२६।२०८०-०३-२२ | लक्ष्मी स्टेशनरी एण्ड सप्लायर्स | ३३५५६४ | मसलन्द |
| ६३८।२०८०-०३-३२ | पपुलर स्टेसनरी स्पोर्ट एण्ड जनरल साप्लायर्स | ८७७००६ | मसलन्द |
| ६४४।२०८०-०३-२३ | चौधरी इण्टरप्राइजेज | ३५२७१९ | मसलन्द |
| ६३५।२०८०-०३-२३ | विराट कम्युटर | १०३००० | कम्प्यूटरजन्य |
| ६३७।२०८०-०३-२३ | ओ.के.ब्रदर्श अर्डर एण्ड सप्लायर्स | ५७०११८ | मसलन्द |
| ६०६।२०८०-०३-२१ | लक्ष्मी स्टेशनरी एण्ड सप्लायर्स | ९७८१८४ | शैक्षिक खेलकुद सामाग्री |
| ३१८।२०७९-१२-१४ | भाग्य लक्ष्मी कन्सर्न | ४७७८७९ | शैक्षिक सामाग्री |
| ३५१।२०७९-०१-०५ | भाग्य लक्ष्मी कन्सर्न | १४२८२७ | सरसफाइ सामाग्री |
| ३५२।२०७९-०१-०५ | भाग्य लक्ष्मी कन्सर्न | ९८४८२ | शैक्षिक सामाग्री |
| ३५५।२०७९-०१-०५ | भाग्य लक्ष्मी कन्सर्न | १८८१७२ | शैक्षिक सामाग्री |

| | | | |
|---|---|---|---|
| ३५६।२०७९-०१-०५ | भाग्य लक्ष्मी कन्सर्न | ९८४८२ | खेलकुद सामाग्री |
| ४२६।२०८०-०२-११ | भाग्य लक्ष्मी कन्सर्न | ७१७१८४ | कम्बल खरिद |
| ५१४।२०८०-०३-०६ | भाग्य लक्ष्मी कन्सर्न | १९०९१० | शैक्षिक सामाग्री |
| १८४।२०७९-१०-०३ | भाग्य लक्ष्मी कन्सर्न | ५००००० | कम्बल खरिद |
| २११।२०७९-१०-१३ | गण्डकी सिरक डसना पसल | २९६८१४ | कम्बल खरिद |
| २१९।२०८०-१०-१७ | गण्डकी सिरक डसना पसल | ४८५४४३ | कम्बल खरिद |
| २७१।२०७९-११-२५ | गण्डकी सिरक डसना पसल | ३४८८८६ | कम्बल खरिद |
| ४७७।२०७९-०२-३१ | गण्डकी सिरक डसना पसल | ९४८९७ | कम्बल खरिद |
| ४२४।२०८०-०२-११ | न्यु हिमालय फोम एण्ड फर्निसिङ्ग | ६४९७९५ | कम्बल खरिद |
| ५१२।२०८०-०३-०६ | आमलादेबी फर्निसिङ्ग एण्ड डेकोरेशन | २९९५१४ | कम्बल खरिद |
| | **जम्मा** | **७७०८६९९** | |

सैद्धान्तिक बेरुजु

४४.२ **व्यक्ति तथा पदाधिकारीको नाममा भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले खरिद भएका सामाग्रीको भुक्तानी सम्बन्धित आपूर्तीकर्तालाई गर्नुपर्नेमा व्यक्ति तथा पदाधिकारीको नाममा भुक्तानी दिएको देखियो । यसले आपूर्तीकर्ताबाट प्राप्त सामग्री सोहि परिमाण र गुणस्तरमा प्राप्त भएको सम्बन्धमा आश्वस्त हुन सकिएन । विद्युतिय भुक्तानी प्रणाली समेत लागु भएको अवस्थामा व्यक्ति तथा पदाधिकारीको नाममा भुक्तानी दिने कार्यमा नियन्त्रण गर्दै सोझै आपुर्तिकर्ताको नाममा भुक्तानी गर्ने व्यवस्था गरिनुपर्दछ । यसका केहि उदाहरण -

| गो.भौ.नं.।मिति | भुक्तानी प्राप्त गर्नेको नाम | प्रयोजन | भुक्तानी रकम |
|---|---|---|---|
| ५०८।२०८०-०३-०६ | दिपकराज कुर्मी | ईन्टरनेट महशुल | १००००० |
| ५१८।२०८०-०३-०६ | दिपकराज कुर्मी | विभिन्न ।अपाङ्ग सहयोग सामाग्री वितरण | १००००० |
| ५२१।२०८०-०३-०७ | नन्दलाल कोहाँर | विभिन्न मसलन्द सामाग्री | २७६६६६ |
| ३६०।२०८०-०१-१० | श्याम कुमार कामत | विभिन्न मसलन्द सामाग्री | २९५१६२ |

| | | | |
|---|---|---|---|
| ३१७।२०७९-१२-१४ | शिव प्रकाश वर्मा | विभिन्न मसलन्द सामाग्री | १४६४५३ |
| ३९०।२०८०-०१-२८ | शिव गुलाम कलवार | विभिन्न मसलन्द सामाग्री | ५०००० |
| १०१।२०७९-०८-११ | भिम नाथ शर्मा | विभिन्न मसलन्द सामाग्री | ३६३०९३ |
| ६४३।२०८०-०३-२३ | इस्तियाक अहमद मु.( वडा नं १ वडा अध्यक्ष) | विविध तथा सवारी मर्मत | २५,६१० |
| २०३।२०७९-१०-११ | इस्तियाक अहमद मु. | विवध कार्यक्रम खर्च | २००००० |
| ११२।२०७९-०८-१२ | इस्तियाक अहमद मु. | मसलन्द | २९८६२० |
| ९६।२०७९-०८-०८ | इस्तियाक अहमद मु. | पूजा खर्च | २००००० |

सैद्धान्तिक बेरुजु

४४.३ **विरतणमुखी कार्यक्रम** –स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले कार्यक्रम बनाउँदा उत्पादनमुखी पुजिगत कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेमा वितरणमुखी कार्यक्रम गरेको छ । वितरणको मापदण्ड एवम् कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा वास्तविक लाभग्राहि समावेश नहुने एवम् सुविधा पाइसकेका लाभग्राहि दोहरिने सम्भावना हुन्छ। तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।यस सम्बन्धी केही उदाहरण देहाय बमोजिम रहेका छन् ।

| मिति | गो.भौ.नं. | कार्यक्रमको नाम | रकम |
|---|---|---|---|
| १०/१७/२०७९ | २१८ | खेल सामाग्री वितरण कार्यक्रम | १५०००० |
| ११/२९/२०७९ | २८२ | खेल सामाग्री वितरण कार्यक्रम | १००००० |
| ०१/१३/२०८० | ३६६ | खेल सामाग्री वितरण कार्यक्रम | १५०००० |
| ०१/२६/२०८० | ३८४ | खेल सामाग्री वितरण कार्यक्रम | ३००००० |
| ०३/२१/२०८० | ६०६ | खेल सामाग्री वितरण कार्यक्रम | ९७८१८४ |
| ०३/२३/२०८० | ६३७ | खेल सामाग्री वितरण कार्यक्रम | ५९८७३० |
| ०३/२१/२०८० | ६०० | खेल सामाग्री वितरण कार्यक्रम | ३९९६५८ |
| २०८०/०३/२२ | ६१५ | बर्षे फलफूलको विरुवा वितरण | १७९९९१ |
| २०७९/११/२५ | २७१ | जेष्ठ नागरीकहरुलाइ कम्वल वितरण | ३४८८८६ |

| | | | |
|---|---|---|---|
| २०८०/०३/२२ | ६१६ | स्प्रे टंकी खरिद तथा वितरण | ३९९००० |
| २०८०/०३/०६ | ५१४ | विद्यालय तथा मदरसामा शौक्षिक सामाग्री वितरण कार्याक्रम | १९९९१५ |
| २०७९/११/०५ | २३९ | युवा खेलाडीहरुलाइ खेलकुद सामाग्री वितरण | १००००० |
| २०८०/०१/१७ | ३७१ | बिउ वितरण कार्याक्रम | १९८२८० |
| २०८०/०२/११ | ४२६ | जेष्ठ नागरिक दलित तथा गरिव विपन्न कम्बल वितरण कार्यक्रम | ४९९९८४ |
| २०८०/०२/११ | ४२६ | विधवा महिलाहरुलाइ कम्बल वितरण कार्यक्रम | २४९७३० |
| २०८०/०३/१३ | ५६४ | सेमरामा स्प्रे टंकी वितरण | १५०००० |
| २०८०/०३/०५ | ५०४ | गरिव तथा विपन्न परिवारलाइ मृत्यू पश्चात लास जलाउन दाउरा तथा पटरा खरिद तथा वितरण | १६४९८० |
| २०८०/०२/२९ | ४७० | विवाह कार्यको लागि दाउरा खरिद तथा वितरण | १९९८९७ |
| ०७९/१०/१७ | २१९ | जेष्ठ नागरिक, एकल महिला, विधवा तथा दलित जेष्ठको लागी न्यानो कपडा वितरण | ४८५४४३ |
| २०८०/०२/१९ | ४५३ | शैक्षिक सामाग्री वितरण | ४९८४१४ |
| २०८०/०३/२३ | ६४० | शैक्षिक सामग्री वितरण | १००००० |
| २०८०/०३/०६ | ५१२ | कम्बल वितरण कार्यक्रम | ९९६१४ |
| २०८०/०३/०६ | ५१२ | कम्बल वितरण कार्यक्रम | २००००० |
| २०७९/१०/०३ | १८४ | कम्बल वितरण | ५००००० |
| २०७९/०९/२४ | १७३ | बिउ बिजन खरिद र वितरण | ९९९०० |
| २०७९/११/२५ | २७० | सरसफाई सामाग्री वितरण | १९८१०७ |
| २०७९/११/०४ | २३८ | किटनासक औषिधि र तरकारी विउविजन वितरण | १४९८२० |
| २०८०/०३/२४ | ६४९ | अपाङ्ग सहयोग सामग्री खरिद तथा वितरण | १००००० |
| २०८०/०१/०५ | ३५३ | सरसफाइ सामग्री खरिद तथा वितरण | १००००० |
| २०८०/०२/१८ | ४४३ | गर्भवती महिलाहरुको लागि पोषण सामग्री वितरण | २००००० |
| २०८०/०३/२२ | ६३० | शुद्ध खानेपानी व्यवस्थापन तथा हैण्डपाइप खरिद तथा वितरण | १५०००० |

| | | | |
|---|---|---|---|
| २०८०/०२/१६ | ४३५ | खेलकुद सामाग्री वितरण | ४५५००० |
| २०८०/०१/०५ | ३५४ | शैक्षिक सामग्री वितरण | १२४७५० |
| २०८०/०३/१३ | ५६१ | गर्भवती महिलाहरुलाइ पोषण सामग्री वितरण | ९९२०० |
| २०८०/०३/१९ | ५८५ | निशुल्क सिडविन वितरण | २९८७०० |
| २०७९/१०/१३ | २०८ | बरसीन घाँस विउ वितरण | ९९८३० |
| २०७९/१०/१३ | २०८ | च्याउको विउ वितरण | ४०००० |
| २०८०/०३/१३ | ५६१ | सरसफाइ सामग्री वितरण कार्यक्रम | १९९६६८ |
| २०७९/१०/१३ | २०८ | पशु औषधि खरिद तथा वितरण | १५०००० |
| २०७९/११/१० | २४९ | तरकारी विउ वितरण | ९९९०० |
| २०८०/०२/३१ | ४७७ | जेष्ठ नागरिक अन्यलाइ कम्बल वितरण | ९४८९७ |
| २०७९/१०/१३ | २११ | जेष्ठ नागरिकहरुलाइ कम्बल वितरण कार्याक्रम | २९६८१४ |
| २०७९/१०/१३ | २०६ | विधवा एकल महिलाहरुलाइ सहयोग सामग्री वितरण | २०००० |
| २०७९/१२/०२ | २९३ | वडा भित्रका अपाङ्गहरुलाइ सहयोग सामग्री वितरण | १९९९८४ |
| २०७९/१०/११ | १९५ | जेष्ठ नागरिक सम्मान कार्यक्रम कम्बल वितरण | ४९९४६० |
| २०७९/१२/०७ | ३०७ | विद्यालय तथा मदरसाहरुमा सरसफाइ सामग्री वितरण | ९९६०९ |
| २०८०/०१/३१ | ३९१ | सामुदायिक विद्यालय तथा मदरसाहरुका लागि व्याग वितरण | १९९९९६ |
| २०८०/०१/३१ | ३९१ | सामुदायिक विद्यालय,मदरसा तथा युवा कल्बहरुमा खेलकुद सामग्री वितरण | १३८९९० |
| २०७९/०९/०७ | १४८ | कृषकहरु लाइ विउ विजन वितरण | ५०००० |
| २०८०/०२/११ | ४२४ | जेष्ठ नागरिक दलित एकल महिला विधवा महिला अपाङ्ग तथा विपन्न परिवार लाइ सिरक वितरण | ६४९७९५ |
| २०७९/१२/१९ | ३२७ | शैक्षिक सामाग्री वितरण | २५०००० |
| | | जम्मा | १२३१५१२६ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४४.४ **मालसामानको गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ। यस सम्वन्धमा देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन्ः

• कार्यालयमा मालसामान प्राप्त भएपछि खरिद सम्झौतामा उल्लेख भए अनुसार स्पेसिफिकेशन तथा गुणस्तर सम्वन्धी मापदण्ड पुरा गरे नगरेको खुल्ने गरी परीक्षण सूची सहित नियमको व्यवस्था बमोजिम प्राविधिक स्पेशिफिकेशन तथा गुणस्तर सम्वन्धी सर्त पुरा गरे नगरेको प्रतिवेदन पेश गर्ने गरको पाइएन । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

देहायका मालसामान खरिद गरी सम्वन्धित आपूर्तिकर्तालाई भुक्तानी गरेकोमा निरीक्षण परीक्षण गर्न गठन गरिएको बोर्डले तयार गर्नेगरेको खोलुवा फाराम समेत नलिई भुक्तानी गरेको उदाहरण देहाय अनुसार रहेको छः

| गो.भौ.नं.।मिति | मालसामानको नाम | बिक्रेता | भुक्तानी रकम |
|---|---|---|---|
| ६४५।२०८०-०३-३२ | कम्यूटर | गोल कम्प्यूटर एण्ड सप्लार्यस | ५२८२८८ |
| २९९। २०७९/०९/१७ | कम्प्युटर | विराट कम्युटर | १०३००० |
| ६३८।२०८०-०३-३२ | मसलन्द | पपुलर स्टेसनरी स्पोर्ट एण्ड जनरल साप्लायर्स | ८७७००६ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४४.५ **मू.अ.करमा दर्ता नभएका सँग खरीदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ बमोजिम सार्वजनिक निकायले २० हजार रुपैयाभन्दा बढीको मालसामान खरीद गर्दा वा निर्माण कार्य गराउँदा आन्तरीक राजस्व कार्यालयबाट स्थायी लेखा नं. र मूल्य अभिवृद्धि करदर्ता प्रमाणमत्र प्राप्त गरेका, फर्म वा कम्पनीबाट मात्र खरिद गर्नुपर्दछ ।कार्यालयले देहायबमोजिमको भौचरबाट रु २० हजारबाट घटीका प्यान विलबाट मसलन्द तथा कार्यालय सामग्री खरीदको भुक्तानी दिएको छ । कार्यालयले स्थायी लेखा नम्बर लिएका तर मूल्य अभिवृद्धि करमा दर्ता नभएका आपूर्तीकर्ताबाट सामान खरिद गरेको हुँदा नियमानुसारको बिजक जारी भए पश्चात मात्र खरीद कार्य गरिनु पर्दछ । केहि उदाहरण -

| गो.भौ.नं.।मिति | भुक्तानी प्राप्त गर्नेको नाम | बिल संख्या । रकम | बिल रकम |
|---|---|---|---|
| ६३५।२०८०-०३-२३ | विराट कम्युटर | ७।२४२,२४०,२३७,२४४,२४५,२४९,२४७ | १०३००० |

| | | | |
|---|---|---|---|
| ५४१।२०८०-०३-११ | राम नारायण यादवलाई सोधभर्ना (विराट कम्प्युटर्सबाट सामान खरिदको सोधभर्ना) | ६। १६८,१७१,१९१,१९३,२०९,२१५ | १००९९० |
| ४२५।२०८०-०२-११ | स्याङजा गल्याङ्ग नास्ता पसल | ६।४६,४५,४९,४८,४७,५० | २०५९२९ |
| | आधिखोला रेष्टुरेन्ट | १४ | २२४४३८ |
| | यादव मिष्ठान भण्डार | ४।१७७,१६६,१६४,१६५ | ५९०९२ |
| ३५३।२०८०-०१-०५ | कालिका जेनरल | ७।३९१ देखि३९७ | १००००० |
| ३५४।२०८०-०१-०५ | कालिका जेनरल | ६।३९८ देखि४०३ सम्म | १२२८७८ |
| ३५।०६-२८ | न्यू यू.के | ७।३०२,३०५,३०६,३०७,३०८,३१० ,३११ | १०७४२२ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४४.६ **भरपाई नगरेको बैठक भत्ता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।गो.भौ.नं. ६५४।२०८९-०३-२४ बाट अनिल कुमार चौधरी कुर्मीले परिक्षा संचालनको बैठक भत्ताको रकम नि.प्र.प्र.अ. परमेश्वर यादवलाई रु.१३५००।को भरपाईमा हस्ताक्षर नभएको अवस्थामा आफैसँग राखेको देखियो । भरपाई नगरेको बैठक भत्ता असुल गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,५०० |

४४.७ **नाफा मूलक संस्थालाई भुक्तानीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । यदि गराउने हो भने पनि सार्बजनिक रुपमा निःशुल्क वा कम शुल्कमा सेवा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । तर त्यसबाट उपरोक्त बमोजिम सेवा प्रवाह हुने सुनिश्चित गरेको छैन ।पालिकाले यो बर्ष नाफामुलक संस्थाको कार्यालय व्यवस्थापन, सामग्री खरिद लगायतको कार्यको लागि उक्त संस्थाहरुको नाम किटान गरेर बजेट बिनियोजन गरि खर्च लेखेको नियमसम्मत देखिएको छैन् ।यस प्रकारको खर्चमा नियन्त्रण हुनुपर्दछ । यसका केही उदाहरणहरु निम्न बमोजिम छन ।

| गो.भौ.नं.।मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|

| | | |
|---|---|---|
| ६०५।२०८०-०३-२१ | नेपाल पाराभेटेरिनरी एण्ड लाइभष्टक एशोसियसन | २००००० |
| | जिल्ला पाराभेटनरी समिति | १४७५८१ |
| ५६०।२०८०-०३-१३ | लुम्बीनी एकिकृत माछा फार्म | ४००००० |
| ५८८।२०८०-०३-१९ | श्री आकाश कृषि सहकारी सस्था लि. | २९४७९४ |
| २३०।२०७९/१०/२५ | खाँन कुखुरा तथा माछा पालन फर्ममा अनुदान | ५०००० |
| ४३४।२०८०/०२/१६ | श्रीराम आजोरे एकिकृत कृषि फार्ममा अनुदान | ५०००० |
| ४८२।२०८०/०३/०१ | पशुपति एकिकृत कृषि फार्म | ५०००० |
| ५४८।२०८०-०३-१२ | गोरखनाथ बहुउद्देश्य कृषि फर्म | ५०००० |
| | जम्मा | ११९२३७५ |

सैद्धान्तिक बेरुजु

४४.८ **अन्य कार्यालयको खर्च -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा स्वीकृत बजेट रकम स्वीकृत निकायको लागी भएको र सोही अनुसार अन्यत्र प्रयोजनमा खर्च नगर्ने व्यवस्था छ । कार्यालयले आफ्नो कार्यक्षेत्र भित्र स्वीकृत कार्यक्रम र बजेट सिमा भित्र रही खर्च गर्नपर्दछ । यस बर्ष पालिकाले आफ्नो क्षेत्राधिकार नपर्ने, समान अस्तित्व र छुट्टै बजेट विनियोजन हुने कार्यालयको कार्यका लागी कार्यपालिकाले निर्णय गरी भुक्तानी दिएको छ । निम्न कार्यालय पालिकाको नियन्त्रण अधिकार क्षेत्र भित्र पनि नपर्ने र सम्बन्धित निकायबाट समेत बजेट विनियोजन हुने भएकाले एउटै कामको लागी दुई निकायबाट विनियोजन हुन सक्ने अवस्था समेत रहेकोले नियमित गर्नुपर्ने रु .

| **मिति** | **गो.भौ.नं.** | **विवरण** | **खर्च रकम** |
|---|---|---|---|
| २०८०/०३/१९ | ५९१ | सशस्त्र प्रहरी चाकरचौडाको गेट निर्माण | ५०००० |
| २०८०/०३/२० | ५९२ | सशस्त्र प्रहरी जमुनी माथिको तल्लामा कोठा निर्माण | ९५११६ |
| २०८०/०२/०८ | ४०५ | विजुवा प्रहरी चौकोको घरभाडा | १४०००० |
| २०८०/०३/२२ | ६११ | इलाका प्रहरी कार्यालयको घरभाडा | ७९२०० |
| २०७९/११/०२ | २३४ | तुलसीपुर प्रहरी चौकीमा वायरिङ्ग तथा चौतारा निर्माण | ७२७५० |
| | | सरकारी वकिल कार्यालय तौलिहवा वसन्तपुर दुर्गा मन्दिर र चाकरचौडामा माटो ग्राभेल उपभोक्ता समिति | ४८२८३२ |
| | | जम्मा | ९१९८९८ |

| | |
|---|---|
| अनियमित भएको | ९,१९,८९८ |

४४.९ **मोबाईल खरिद तथा वितरण** - आर्थिक कार्याविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७, को नियम ९५(१) मा कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधि स्रेस्ता खडा गरी अधावधिक गरी राख्नु पर्ने व्यवस्था छ ।पालिकाले गत आ.व.को खरिद भएको सूचना प्रविधिसँग सम्बन्धित बजेट शिर्षकबाट गो.भौ.नं.५३२।२०८०-०३-१० बाट मार्स कम्यूटर्स सप्लायर्सबाट खरिद भएको प्रिन्टर १ थान (मू.अ.कर समेत) र मोबाईल सेट भिभो ३ सेट प्रति सेट रु.३४००० (मू.अ.कर समेत) समेत रु.१५००००(मू.अ.कर समेत) खरिद गरेकोमा भरपाई गरि मोबाईल गा.पा.अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत लाई बुझाएको देखियो ।गत आ.व.को भुक्तानी दिन बाकीं रहेको विवरण (म.ले.प.फा.नं.२११)तयार नगरेको र आर्थिक बर्षको अन्त्यमा भुक्तानी दिएको नियमसम्मत देखिएन्।पूनःमोबाइल खरिदको लागि गो.भौ.नं.१९०।२०७९-१०-०५ बाट खर्च शिर्षक फरक पारी (सेवा र परामर्श खर्च) बाट सि.एस.ट्रेड एण्ड सप्लायर्सलाई ५० थान मोबाइल एम.आई.रेड्मी ए.आई. प्लस खरिद गरि प्रति थान रु.१९२०८.८७ को रु.९६०४४३.५ भुक्तानी दिएको नियमसम्मत देखिएन् । कानूनमा कर्मचारी तथा पदाधिकारीलाई मोबाईल खरिद गरि सुविधा उपलब्ध गराउने उल्लेख भएको देखिदैन् । कानूनमा उल्लेख नभएको यस्तो खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । खरिद गरिएका मोबाईल वितरणको भरपाइ पेश नभएकोले वितरणको भरपाइ पेश गर्नुपर्ने साथै उक्त मोबाइल खर्च भएर जाने जिन्सी खातामा अभिलेख राखेको हुंदा खर्च भएर नजाने खातामा अभिलेख राखी बुझिलिएको देखिने सहायक जिन्सी खाताको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ११,१०,४३३ |

४४.१० **प्रशासकिय भवन उद्घाटन कार्यक्रम** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।गो.भौ.नं.५३८।२०८०-०३-११ बाट प्रशासकीय भवन उद्घाटनमा कार्यक्रम गरे वापत विनोद कहाँर लाई रु. ४९०७७५। भुक्तानी गर्दा ,उपस्थितीको विवरण ,भिडियो,ड्रोन, क्यामराको भुक्तानी गर्दा सो को भिडियो लगायतको खर्चलाई पुष्टाई गर्ने प्रमाण श्रेस्तासाथ संलग्न भएको देखिएन् । खर्चको पुष्टाई हुने आवश्यक बिल भरपाई र कागजात संलग्न भए पश्चात मात्र भुक्तानी गर्ने व्यवस्थाको पालना हुनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४४.११ **गैरसरकारी संस्थाबाट कार्यक्रमः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा गैरसरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यक्ता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको मोटमोटी अनुमान तयार गर्नु, त्यस्तो काम गर्ने उद्देश्य राखी प्रचलित कानुन बमोजिम दर्ता भएका र मौजुदा सुचीमा समावेश भएका गैरसरकारी संस्थालाई कम्तीमा १५ दिनको अवधि दिई सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नु पर्ने व्यवस्था छ ।नमुना छनौट गरिएकोमा पालिकाले आफ्नो विषयगत शाखा र उपलब्ध जनशक्तिले प्रशिक्षक

नियुक्ती गरि सम्पन्न गर्न सक्ने चालु प्रकृतिका कार्य गैह्रसरकारी संस्थासँग गराएको निम्नानुसारको काममा मितव्ययीता नभएको, पालिकाले नियममा भएको उल्लिखित व्यवस्था पालना नगरी चालु आर्थिक वर्ष विभिन्न गैरसरकारी संस्थालाई देहाय अनुसारको कार्यक्रममा कुल रु. १५८७३७७। भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

| गो.भौ.नं.।मिति | भुक्तानी प्राप्त गर्नेको नाम | कार्यक्रमको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ५४६।२०८०-०३-११ | सुदीप कम्प्यूटर एजुकेशन सेन्टर | कुशन तालिम | ५९१२७० |
| ३२६।२०७९-१२-१९ | न्यू होराइजन कम्प्युटर एण्ड टेक्निकल ईन्सिच्युट | दलित तथा अन्य वर्गका युवाहरुलाइ कम्पुटर तालिम | १९८००० |
| ३२७।२०७९-१२-१९ | नेपाल ग्रामिण विकास केन्द्र | खेल सामाग्री वितरण | २५०००० |
| ३०४।२०७९-१२-०६ | सिर्जनशील सामाजिक विकास केन्द्र | नारी दिवस कार्यक्रम | १५०००० |
| २६७।२०७९-११-२५ | जन सेवा समाज | महिलाहरुलाइ सीपमुलक तालीम | २००००० |
| २७०।२०७९-११-२५ | नेपाल ग्रामिण विकास केन्द्र | सरसफाई सामाग्री वितरण | १९८१०७ |
| | | जम्मा | १५८७३७७ |

| | |
|---|---|
| अनियमित भएको | १५,८७,३७७ |

४४.१२ **सफ्टवेयर खरिद** -नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ ।स्थानीय तहले यस वर्ष सफ्टवेयर खरिदमा रु.७०६०००। खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । उक्त सफ्टवेयर पालिका केन्द्र र कुनै पनि वडा कार्यालयमा प्रयोग भएको पाइएन् । पालिकाले खरिद गरेका सफ्टवेयर प्रयोगमा ल्याउनुपर्दछ ।साथै यस्तो सफ्वेयर सूचना प्रविधि विभागबाट स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

| गो.भौ.नं.।मिति | सफ्टवयर प्रदायकको नाम | खरिद प्रयोजन | खरिद मूल्य |
|---|---|---|---|
| ५६७।२०८०-०३-१५ | पुर्णिमा आइ.टी.ग्रुप | गा.पा.तथा वडा कार्यालयका लागी सेवाग्राहीहरुको सहजिकरणका लागी सफ्टवेयर खरिद | ५५६००० |

| | | | |
|---|---|---|---|
| ५२७।२०८०-०३-१० | स्मार्ट टेक सोलुसन प्रा.लि | स्मार्ट रोड सफ्टवेयर | १५०००० |
| | | जम्मा | ७०६००० |

सैद्धान्तिक बेरुजु

४५ **बैठक भत्ता**

अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका २०७७ (आठौं संस्करण) को परिच्छेद ७.१.१.मा उल्लेख भए बमोजिम बैठक भत्ताको प्रदान गर्न बैठकको विषयवस्तु र सोको गम्भिरताको एकिन गर्नुपर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने, कानूनअनुसार गठन भएका समितिहरूको बैठकका लागि मात्र भत्ता प्रदान गर्ने लगायतका आधारहरू तोकिएको छ । पालिकाले यो बर्ष कतिपय बैठकको विषयवस्तु र सोको गम्भिरताको एकिन नगरि, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र उपस्थित रहेको खरिद ईकाई, बोलपत्र मुचुल्का/बोलपत्र मूल्याङ्कन, विभिन्न / समिति राजश्व परामर्श/गाउँ विपद/समन्वय समिति/सुशासन/आर्थिक विकास/सामाजिक विकास/पूर्वाधार विकास लगायतको समितिमा बैठकको भत्ता र वडा तर्फ मासिक २ वटा बैठकको ८ वटा वडाकै बार्षिक समेत रु.२७९३९७५। खर्च लेखेको छ । विषयवस्तु र सोको गम्भिरताको एकिन गरि एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४६ **अनुगमन भत्ता**

संघीय सरकारबाट प्राप्त भएका सशर्त अनुदान अन्तगर्तका कार्यक्रमहरु सञ्चालन गर्दा स्थानीय तहले अर्थ मन्त्रालयबाट जारी भएको कार्य सञ्चालन निर्देशिकाको पालन गर्नुपर्दछ । पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालित विभिन्न कार्यक्रमहरुको अनुगमन गरेको भनी पालिकाको पदाधिकरी तथा कर्मचारीलाई अनुगमन भत्ता वितरण गरेको छ । त्यस्तै अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका २०७७ (आठौं संस्करण) को परिच्छेद ७.१.५ मा उल्लेख भए बमोजिम सार्वजनिक निकायमा कार्यरत पदाधिकारी वा कर्मचारीलाई साविकमा प्रदान गरिदै आएको पोशाक खर्च, महँगी भत्ता र स्थानीय भत्ता बाहेकका प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरे बापतको भत्ता, जोखिम भत्ता, विशेष भत्ता, खाना वा खाजा खर्च लगायत कुनै प्रकारको भत्ता प्रदान नगरिने उल्लेख छ । पालिकाको आफ्नो कार्य क्षेत्रभित्र संचालित कार्यक्रमको अनुगमन गरी आवश्यक थप निर्देशक दिनु पदाधिकारी तथा कर्मचारीहरुको नियमीत कार्यक्षेत्र भित्र पर्ने भएकाले स्पष्ट कानूनी आधारबिना नियमित कार्यको अनुगमन गरेको भनी अनुगमन भत्ता दिनु नियमसम्मत देखिएन । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ । केहि उदाहरण -

| शिर्षक | भौ नं र मिति | कार्यक्रको नाम | सख्या | दिन | भूक्तानी |
|---|---|---|---|---|---|
| शशर्त चालु | १०४।२०७९।१२।२२ | सामी परियोजना कार्यान्वयन | ५ | ३० | २५५०० |
| | १०८।२०७९।१२।२३ | तरकारी खेति सिप विकास तालिम | ७ | १ | ५९५० |

| | | | | | |
|---|---|---|---|---|---|
| | १२४।२०८०।१।१३ | लघुउद्यम विकास कार्यक्रम | ५ | १ | ४२५० |
| | १५३।२०८०।२।१६ | मेडपा कार्यक्रम | १२ | १ | १०२०० |
| | १६३।२०८०।२।२८ | रोजगार कार्यक्रम | १० | ६ | ५१००० |
| | १९९।२०८०।३।१९ | शिक्षकको प्रविधि सम्बन्धी तालिम | ८ | १ | ६८०० |
| | २२४।२०८०।३।२४ | महामारी रोकथाम नियन्त्रण | २४ | १ | १४२८० |
| | ५७।२०७९।१०।१६ | लघु उद्यम कार्यक्रम | ७ | १ | ५९५० |
| | ९३।२०७९।१२।१२ | लघु उद्यम कार्यक्रम | ९ | १ | ७६५० |
| प्रदेश सरकार बाट हस्तान्तरित | २१।२०८०।३।२४ | मुख्य मन्त्री शैक्षिक सुधार कार्यक्रम | ११ | १ | ९३५०० |
| प्रदेश सरकार बाट हस्तान्तरित | २१।२०८०।३।२४ | मुख्य मन्त्री शैक्षिक सुधार कार्यक्रम | १२ | १ | ७१४०० |
| प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ५।२०८०।३।१० | कार्यक्रमको अनुगमन | २० | १ | ३४८५० |
| “ | ९।२०८०।३।१५ | कार्यक्रमको अनुगमन | ५ | १ | २३८०० |
| “ | ११।२०८०।३।१५ | शैक्षिक व्यवस्थापन | ७ | २ | ११९०० |
| “ | १५।२०८०।३।१८ | सूचना प्रणालीमा आधारित गुरु योजना | ४ | २ | ६८०० |
| गा.पा.चालु | ३२।२०८०।३।२४ | कार्यक्रम अनुगमन | ६ | २ | १०२०० |
| गा.पा.चालु | ५५७।२०८०-०३-१३ | ६ नं. वडा भित्रको योजना अनुगमन | २१ | ८ | २५५००० |
| गा.पा.चालु | ५३१।२०८०-०३-१० | २ नं. वडा भित्रको योजना अनुगमन | २५ | ६ | १५०००० |
| गा.पा.चालु | ५२०।२०८०-०३-०७ | २ नं. वडा भित्रको योजना अनुगमन | १७ | ८ | १५०००० |

| | | | | | |
|---|---|---|---|---|---|
| गा.पा.चालु | ४९६।२०८०-०३-०४ | ७ नं. वडा भित्रको योजना अनुगमन | १९ | ८ | १५०००० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४७ **साइकल सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने साथै नियमावली, २०६४ को नियम ८५ अनुसार १० लाख सम्मको सोझै, नियम ८४ अनुसार २० लाख सम्म सिलवन्दी दरभाउ र नियम ३१ अनुसार बीस लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको वोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने उल्लेख छ । पालिकाले यो बर्ष ८ कक्षा संचालन भएका बिभिन्न १४ वटा विद्यालयका बिद्यार्थी, वडा सदस्य र कार्यपालिका सदस्यहरु लाई बितरण गर्न साइकल सोझै खरिद गरेको छ । सार्वजनिक खरिद कानून विपरित सोझै खरिद गरेको नियमसम्मत नदेखिएको रु.

| गो.भौ.नं.।मिति | फर्मको नाम | परिणाम (गोटा ) | दर | रकम |
|---|---|---|---|---|
| १७।२०८०-०३-२२ (प्रदेश सशर्त चालु) | पियूस सप्लायर्स | १३६ | ७३५१ | ९९९७३६ |
| | दिवा सप्लायर्स | १२२ | ७३६१.९५ | ८९८१५७ |
| ५६८।२०८०-०३-१५ (गा.पा. चालु) | पिउस सप्लायर्स | जेन्स साईकल १७ थान | ९७३४.९५ | ३२४९३७ |
| | | साईकल लेडिज १७ थान | ९३७९ | |
| | | | जम्मा | २२२२८३० |

| | |
|---|---|
| अनियमित भएको | २२,२२,८३० |

४८ **उपभोक्ता समिति मार्फत कार्यतर्फ**

४८.१ **उपभोक्ता समिति दर्ता —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न १७७ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु.७१४०५८५५.७६। भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४८.२ **उपभोक्ता समितिले निर्माण व्यवसायी मार्फत निर्माण कार्य गराएको —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँकार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४८.३ **स्वमित्व हस्तान्तरण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) बमोजिम उपभोक्ता समितिबाट निर्माण सम्पन्न पश्चात सार्वजनिक निकायले सोको रेखदेख, मर्मत समेतको जिम्मेवारी तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्दछ । आयोजनाको स्वामित्व हस्तान्तरणबाट उपभोक्ता समितिलाई अपनत्व महशुस हुन्छ साथै योजनाको दिगोपना सुनिश्चित हुन्छ । तर पालिकले यो आर्थिक बर्षमा उपभोक्ताबाट सम्पन्न कुनैपनि योजनको रेखदेख, मर्मत समेतको जिम्मेवारी तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन । ऐनमा भएको व्यवस्थाको पालना गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४८.४ **उपभोक्ताको काम –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ। पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ। उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसारको देखिएन। सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको पाईएन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

४८.५ **सार्वजनिक सुनुवाई एंव सामाजिक परिक्षण** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८(5) बमोजिम हरेक स्थानीयतहले सार्वजनिक सेवाप्रवाहलाई पारदर्शी, उत्तरदायी, जवाफदेही, प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण जस्ता कार्यक्रम संचालन गरी वित्तीय जवाफदेहीतालाई प्रभावकारी बनाउने व्यवस्था छ । उपभोक्ता समिति मार्फत सञ्चालित योजनाको आय व्यय, कार्यसम्पादन स्थिति, उपभोक्ताको योगदान लगाएतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण नगरेकाले पारदर्शिता र जवाफदेहीताको पालना भएको सुनिश्चित गर्न सकिएन । ऐनमा भएको व्यवस्था कार्यान्वयन हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४८.६ **जटिलसंरचना निर्माण –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ ।

| **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** |
|---|---|---|
| ने रा मा वि मुङ्गेहरि २ कोठे भवन | भवन निर्माण | २२०६६९२। |
| ने रा मा वि गंगापुर ४ कोठे भवन | भवन निर्माण | ४४७४७१५। |
| मायादेवि पालिकाको प्रशासकिय अधुरो भवन उपभोक्ता समिती | भवन निर्माण | ३३७६७४९। |
| ४ नं अधुरो वडा कार्यालय भवन निर्माण | भवन निर्मा | १९४३२५५। |
| १ नं अधुरो वडा कार्यालय भवन निर्माण | भवन निर्मा | १९३८२५६। |
| विज्ञान प्रयोगशाला तथा पुस्तकालय भवन निर्माण | भवन निर्माण | ३२९८१६०। |
| नमूना वस्तिका लागि डिजिटल लर्निङ सेन्टर सहितको वहुउपयोगी सामूदायिक भवन | भवन निर्माण | १२५२४१०। |
| | जम्मा | १८४९०२३७। |

| सैद्धान्तिक बेरुजु |
|---|

४८.७ **उपभोक्ता समितिबाट सोझै खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ मा सामान खरिद गर्दा खरिद योजना वनाइ प्रतिस्पर्धा मार्फत खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा योजनाको मूख्य उद्देश्य नै रोजगारी

सृजना गर्ने र लाभग्राही समूदायलाई सहभागी गराउने भएमा मात्र उपभोक्ता समितिबाट निर्माण कार्य गराउन सकिने र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले देहायका सामान खरिद र जडानको कार्य प्रतिस्पर्धा नगराउने उद्देश्यले लागत अनुमान रकममा नै उपभोक्ता समिति मार्फत गराएको खरिद कार्य कानून सम्मत देखिदैन। तसर्थ बोरिङ र ह्यान्डपाइप जडान र सामान खरिदको कार्य पालिकाले ठेक्काको माध्यमबाट गरी उपभोक्ताको श्रम योगदान रहने संरचना निर्माण कार्य मात्र उपभोक्ता समितिबाट गराइ वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ।

| भौ न/मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १५६।२०८०।१।३१ | वडा नं १ देखि ८ सम्म ह्यन्डपाइप खरिद र जडान | ह्यन्डपाइप खरिद र जडान | ३३८९९०० |
| १३०।२०८०।१।११ | हरनापुर वडाभित्र ह्यन्डपाइप खरिद तथा जडान | ह्यमपाइप खरिद र जडान | ९७००००। |
| | हैन्डपाइप जडान | हैन्डपाइप जडान | १३५६२६५। |
| ३२९।२०८०।३।२४ | हैन्डपाइप खरिद तथा जडान | हैन्डपाइप खरिद तथा जडान | १६८३३८४। |
| ३१०।२०८०।३।२१ | वडाभरिमा ह्यान्डपाइप जडान | वडाभरिमा ह्यान्डपाइप जडान | ७७३६५९। |
| | | | ८१७३२०८। |

सैद्धान्तिक बेरुजु

४८.८ **गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको, ठेक्काद्वारा गरिने निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षणको आईटम समावेश गरिएकोमा खर्च दावी नभएको र उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन। तर कार्यालयले उपभोक्ता समिति मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, कंक्रिटिङ्ग कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन। PCC को M 15 भन्दा बढीको कार्यमा अनिवार्यरुपमा ल्याब टेस्ट गर्नुपर्नेमा सो गरेको छैन । तसर्थ गुणस्तरको यकिन गर्न सक्ने आधार देखिँदैन । निर्माण कार्यको परिमाण सुचीमा गुणस्तर परीक्षणको रकम समावेश नभएको देखिन्छ। गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुन नसक्ने देखिन्छ। निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

४८.९ **उपभोक्ता समिति कार्यको बिमा -** सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ११२ ३(क) मा नियम ९७(क) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायबाट २० लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गराउँदा सम्झौता रकममा बिमा वापतको खर्च ब्यहोर्ने रकम समावेश गरी सोही रकमबाट उपभोक्ता समिति तथा लाभग्राही समुदायले उपनियम १ बमोजिम बिमा गराउनुपर्ने तथा बिमा गराउने कार्यको लागि सम्बन्धित सार्वजनिक निकायले सहजीकरण गरीदिनुपर्ने व्यवस्था छ ।नमुना छनौटको आधारमा परीक्षण गर्दा रु.२० लाख भन्दा बढी भएको कुनै पनि योजनामा बिमा गरिएको छैन ।नियमावलीमा व्यवस्था भए बमोजिम उपभोक्ता समितिद्धारा गरिने निर्माण कार्यमा बिमा गराउने कार्यको लागि कार्यालयले आवश्यक सहजीकरण गरी अनिवार्य रुपमा बिमा गराउनु पर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

४८.१० **नर्म्स भन्दा बढि भुक्तानी -** सार्वजनिक निकायले निर्माण कार्य गराउदा नेपाल सरकार द्वारा स्वीकृत निर्माण सम्बन्धी नर्म्सका आधारमा दरविश्लेषण गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० को अनुसूची १ बमोजिमको लागत अनुमान तयार गरी नियमावलिमा भएकोको व्यवस्थाको अधिनमा रही निर्माण कार्य गराउनु पर्दछ ।सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बील, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ । उपभोक्ताले यसरी पेश गरेका बील भरपाइले उपभोक्ताको वास्तविक खर्चलाई देखाउँने उल्लेख छ । पालिकाले गो.भौ.नं. ५४३।२०८०-०३-११ बाट मर्मत संभार लावारिस लास तथा जिवजन्तु व्यवस्थापन उपभोक्ता समितिलाई प्राविधिक बिलको भुक्तानी गर्दा आईटम नं.१ Excavation of trench for Water Supply को ४९०.१२ घन मिटरको मेसिनद्वारा खनिएको बिल भरपाई पेश भएको अवस्थामा मेसिनबाट खनेको दर (प्रति घन मि.को रु.१०२) मा भुक्तानी हुनुपर्नेमा मानिसबाट खनिएको दरमा (प्रति घन.मि.को रु.२९२) मा भुक्तानी भएको हुंदा बढि दर प्रति घन.मि.रु.१९०को दरले ४९०.१२ घन.मि.को रु.९३१२२। नर्म्स भन्दा बढि भुक्तानी भएको रकम असूल हुनुपर्ने रु.

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ९३,१२२ |

४९ **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । गाउपालिकाले यस बर्षको आन्तरिक लेखापरीक्षण सशर्त कार्यक्रम र वित्तिय हस्तान्तरित कार्यक्रमहरुको जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र स्थानिय सन्चित कोष अन्तर्गत गाउपालिका चालु र पूँजिगत खर्चको गाउपालिका कै आन्तरिक लेखापरीक्षकबाट गराएको देखियो । आन्तरीक लेखिरीक्षणबाट औल्याएका ब्यहोराहरु उपर कार्यालयले फछ्र्यौट नगरेको देहायको व्यहोरा फछ्र्यौट गर्नुपर्ने -

४९.१ **बैठकमा आमन्त्रितः** सार्बजनिक खर्चको मापदण्ड कार्यबिधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ को परिच्छेद २ मा बैठक कार्यालय समय अघि पछि बसेको हुनुपर्ने छ तर यस पालिकामा बसियका धेरै बैठकको समय उल्लेख गरेको देखिएन बैठकमा सहायक कर्मचारी एक जना र सहयोगी कर्मचारी एक जनाका साथै विशेसज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा तीन जना आमन्त्रित सदस्यका रुपमा थप व्यक्तिहरु राख्न सकिन्छ तर पालिकामा सबै जसो बैठकमा ३ जना भन्दा बढी राखि भत्ता खुवाएको देखियो यस्तो कार्यलाई नियन्त्रण गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४९.२ **यातायात खर्च -** यस पालिकाका पदाधिकारी तथा कर्मचारीहरुलाई कार्यालयबाट इन्धन सुबिधा रहेको र यस पालिका भित्र विभिन्न कार्यक्रमहरु अनुगमन वापत यातायात खर्च बुझको यसले गर्दा दोहोरो सुबिधा देखियो कार्यक्रम अनुगमन वापत यातायात खर्च यथाशिघ्र नियन्त्रण गरिनु पर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४९.३ **निशुल्क आखा शिविर-** गो.भौ.नं.२५० २०७९।११।१० । आर्थिक कार्यविधि तथा वित्तिय उत्तदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो रकम पुष्टी गर्ने विल भरपाई कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ ।बिभिन्न स्वास्थ्य शिविर संचालन र बिभिद कार्यक्रम संचालन शिर्षकवाट निशुल्क आखा शिविर संचालन भत्ता वापत रकम रु ४४४००। मा पारीश्रमीक कर कट्टी रु.६६६०। गरि रु ३७७४०। श्री महेन्द्र प्रशाद यादव को नाममा भुत्तानी भएको । तर हालसम्म पनी सम्वन्धीत ब्यत्तीलाइ वितरणको भरपाइ पेश नभएकोले निजवाट अशुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ३७,७४० |
|---|---|

४९.४ **असान्दर्भिक खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।शशर्त कार्यक्रमको खर्च तोकिएको कार्यक्रममा सोहि बमोजिम खर्च हुनु पर्दछ। प्रा.स. राम बिलास मौर्याले गहुँबाली प्रर्वद्धन कार्यक्रमसँग असान्दर्भिक व्याक्तिगत प्रयोजनको इन्धन, संचार, मोटरसाईकल मर्मत समेतका कार्यमा खर्च गरेको निजबाट अशुल हुनुपर्ने रु.

| भौ नं र मिति | कार्यक्रमको नाम | भूक्तानी रकम |
|---|---|---|
| ८०।२०७९।१२।९ | गहुंबाली प्रर्वद्धन कार्यक्रम | १६५००० |
| २००।२०८०।३।१९ | तरकारी बाली पकेट विकास | ७४००० |
|  | जम्मा | २,३९,००० |

| असुल गर्नुपर्ने | २,३९,००० |
|---|---|

४९.५ **महङगी भत्ता -** सामान्य प्रशासन मन्त्रालय को २०७४।०१।२५ को पत्र मा उल्लेख भए अनुसार करार कर्मचारी को सेवा सुविधा मा महङगी भत्ता नपाउने व्यवस्था रहेको तर करार कर्मचारी सुचना प्रबिधि अधिकृत रामचन्द्र चौधरी लाई महङगी भत्ता भुक्तानी भएको सो रकम भुक्तानी गर्न नमिल्ने १२ महिनाको रु.२४०००। असुल गर्नु पर्ने

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,००० |

४९.६ **पारिश्रमिक करः** आयकर ऐन २०५८ को दफा २२ (२) अनुसार प्राकृतिक व्याक्तिले निजको रोजगारी तथा लगानीबाट प्राप्त हुने आयको गणना गर्दा कर प्रयोजनको लागि नगदमा आधारमा लेखाङकन नगर्नु पर्ने तथा बार्षिक रुपमा प्राप्त भएको आम्दानीलाई दफा ८७(१) अनुसूचि-१ को दरले हुने करकट्टी गर्नु पर्ने उल्लेख छ। पालिकाले देहायका कर्मचारीहरुले तलब भत्ता रकममा घटी कर कट्टि गरेकोले सम्बन्धित बाट अशुल हुनु पर्ने रु

| सि नं | पद नाम | कर योग्य आय | लाग्ने कर | कर दाखिला | तिर्नु पर्ने कर |
|---|---|---|---|---|---|
| १ | सि.अ.हे.ब.अधिकृत छैठौं महेन्द्र प्रसाद यादव | ७५०९४२ | २१०९४ | ७५०९ | १३५८५ |
| २ | सि.अ.हे.ब.अधिकृत छैठौं जोगेन्द्र प्रसाद गुप्ता | ७१४९४२ | १७४९४ | ६४६५ | ११०२९ |
| ३ | सि.अ.हे.ब.अधिकृत छैठौं शंकर बैठा | ७५०९४२ | २१०९४ | ७५०९ | १३५८५ |
| ४ | सि.अ.हे.ब.अधिकृत छैठौं रन कुमार श्रेष्ठ | ७५०९४२ | २१०९४ | ७५०९ | १३५८५ |
| ५ | सि.अ.हे.ब.अधिकृत छैठौं महेश कुमार पाण्डे | ६९०९४२ | १५०९४ | ६९०९ | ८१८५ |
| ६ | सि.अ.हे.ब.अधिकृत छैठौं गम्मर सिंह पहराई | ७५०९४२ | २१०९४ | ७५०९ | १३५८५ |
| ७ | सि.अ.हे.ब.अधिकृत छैठौं देवराज भट्टराई | ६८२२०५ | १४२२१ | ६८२२ | ७३९९ |
| | | | | जम्मा | ८०९५३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८०,९५३ |

४९.७ **सामाग्री बितरणको भर्पाइः** २३०।२०८०।३।४ आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७७ को ३८(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाई, प्रमाण र कागजात पेश गर्नुपर्ने ब्यबस्था रहेको छ। मुद्धमेड सप्लायर्सबाट देहायका समानहरु खरिद भएकोमा सम्बन्धित स्वास्थ्य संस्थामा बितरणको भर्पाइ संलग्न नभएको रु

| सामानको नाम | परिणाम | दर | जम्मा |
|---|---|---|---|
| डेलीभरी बेड | २ थान | २९००० | ५८००० |
| अटोक्लेभ | २ थान | १९५०० | ३९००० |

| | | | |
|---|---|---|---|
| डेलिभरी प्याड | ७०० | ४५ | ३१५०० |
| | | जम्मा | १२८५०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२८,५०० |

४९.८ **बैठक भत्ताको भरपाई -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । गो. भौ. नं. १९।२०७९।७।१७ बाट रु.१४७०५। स्वास्थ्य संयोजक श्री महेन्द्र प्रसाद यादवले संचालन गरेको एच.एम.आई.एस कार्यक्रममा श्रेस्ता साथ संलग्न पदाधिकारीहरुले रकम बुझेको भर्पाई संलग्न छैन । रकम बुझेको भर्पाई संलग्न हुनुपर्ने अन्यथा अशुल हुनु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,७०५ |

४९.९ **नर्म्स भन्दा बढि भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले विभिन्न कार्यक्रम संचालनको लागि प्रतिवेदन भत्ता, सहजकर्ता भत्ता, यातायात, अनुगमन,खाजा लगायतको खर्चको नर्म्स स्विकृत गरेको छ । देहायको कार्यक्रममा नर्म्समा उल्लेख भएको दर भन्दा बढि दरमा भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु.

| गो.भौ.नं.।कार्यक्रमको नाम | भुक्तानी शिर्षक | भुक्तानी हुनुपर्ने रकम | भुक्तानी भएको रकम | बढि भुक्तानी |
|---|---|---|---|---|
| १७७।२०७८-१०-०३ शिर्षक (यूवा तथा बालबालीकालाइ नेतृत्व बिकास तालीम र महिला शसक्तिकरण तालिम ) | प्रतीबेदन वापत | २०००।०० | ६०००० | ३४०० |
| | व्यानर | २००० | १२००० | ८०५० |
| | अनुगमन | | | |
| | प्रमेश्वर यादव | २००० | ३००० | ८५० |
| | मुस्ताक अहमद | २००० | ३००० | ८५० |
| | राम तिर्थ यादव | २००० | ३००० | ८५० |
| | यातायात खर्च<br>प्रमेश्वर यादव<br>मुस्ताक अहमद<br>राम तिर्थ यादव | ०<br>०<br>० | १०००<br>१०००<br>१००० | १०००<br>१०००<br>१००० |

| | | | | |
|---|---|---|---|---|
| | प्रशिक्षक भत्ता<br>शान्ता पौडेल<br>हेमन्त थारु | ४००० <br>४००० | ८००० <br>८००० | ३४०० <br>३४०० |
| | हल भाडा बहाल कर कट्टा नभएको | ० | ८०० | ८०० |
| २६३ २०७९।११।१७<br>महिला शसत्तीकरण तथा अभिमुखिकरण तालिम | प्रतीबेदन वापत<br>समन्वय व्यबस्थापन<br>लेखा व्यबस्थापन<br>(जनसेवा समाजको नामा भूक्तानी भएको) | १०००<br>१०००<br>१००० | २०००<br>६०००<br>६००० | ८५०<br>४२५०<br>४२५० |
| २६७।२०७९-११-२५<br>(महिला शिपमूलक तालिम) | प्रतीबेदन वापत<br>समन्वय व्यबस्थापन<br>लेखा व्यबस्थापन<br>(जनसेवा समाजको नामा भूक्तानी भएको) | १०००<br>१०००<br>१००० | २०००<br>६०००<br>६००० | ८५०<br>४२५०<br>४२५० |
| ४६६.२०८०।०२।२८सिलाइ कटाई तालीम बापत बलुवा सामुदायिक सिकाइ केन्द्र लाई भुत्तानी | लेखा व्यबस्थापन<br>प्रतीबेदन | १०००<br>१००० | १००००<br>५००० | ७६५०<br>३४०० |
| ५५१ २०८०।०३।१३<br>सिसहनीया कोट संरक्षण एव प्रवद्धन कार्यक्रम, लोटस सुत्र अध्ययन तथा आन्तरीक रुपानान्त्रण केन्द्रको नाममा भुत्तानी | प्रतिवेदन<br>समन्वय व्यबस्थापन | १०००<br>१००० | २०००<br>२००० | ८५०<br>८५० |
| ५९९<br>२०८०।०३।१९पुर्नताजकी कार्यक्रम(एलीसा यादवको नाममा भुत्तानी) | प्रशिक्षक<br>सिताराम अधिकारी<br>रिखिराम हरिजन<br>भोला प्रशाद विश्वकमा<br>प्रतिवेदन वापत<br>दोहोरो भत्ता लिएको एलिसा यादव | १६०००<br>८०००<br>८०००<br>१००० | २८०००<br>१४०००<br>१४०००<br>४०००<br>३००० | १०२००<br>५१००<br>५१००<br>२५५०<br>२५५० |
| ५२४।२०८०-०३-०८<br>युवाहरुको लागि सिपमुलक तालिम नेपाल ग्रामिण विकास केन्द्र को | खाजा | ५४००० | ६७५०० | १३५०० |

| | | | | |
|---|---|---|---|---|
| नाममा भुक्तानी | | | | |
| ३७१ २०८०।०१।१७ तरकारी खेती तालीम तथा बिउ बितरण, पकडी सामुदायीक अध्ययन केन्द्रको नाममा भुत्तानी | दोहोरे स्टेशनरी र प्रतिवेदन लेखन | १०२५ | ९६५० | ८६२५ |
| ४६३ .२०८०।०२।२४ युवाको लागि कम्यूटर तालीम आइडियल कम्यूटर ट्रेनीङ्ग सेन्टरबाट संचालित | बढि दिनको संयोजन र प्रतिवेदनको भत्ता मोहम्मद सहिद अन्सारीको नाममा भुक्तानी | १००० | २००० | ८५० |
| ४३७ २०८०।०२।१६ पशुपालन तथा कृर्षी सम्वन्धी तालीम | यूवराज घिमिरेले दोहोरो व्यबस्थापन र प्रशिक्षक खर्च लिएको | १५०० | ३००० | १२७५ |
| | | | जम्मा | १०५८०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०५,८०० |

४९.१० **परामर्श सेवा सोझै खरीद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने साथै नियमावली, २०६४ को नियम ८५ अनुसार १० लाख सम्मको सोझै, नियम ८४ अनुसार २० लाख सम्म सिलवन्दी दरभाउ र नियम ३१ अनुसार बीस लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको वोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने उल्लेख छ । पालिकाले यो बर्ष एउटै संस्था संग निम्नानुसार एकै प्रकृतीको कार्यक्रम सुदीप कम्प्यूटर एण्ड एजुकेशन सेन्टरको रु.४१४८७५०। र स्काइ टेक्नीकलको रु १४०७०५८। गरि जम्मा रु ५५,५५,८०८। खर्च लेखेको छ । खरिद कानून विपरित एउटै सेवा प्रदायक सँग सोझै खरिद गरेको रकम नियमसम्मत नभएको रु.

| भौ.न.र मिति | कार्यक्रमको नाम | संस्थाको नाम | रकम |
|---|---|---|---|
| १४५ २०७९।०९।०७ | कम्प्यूटर तथा हाउस वायरीङ तालिम | सुदीप कम्प्यूटर एण्ड एजुकेशन सेन्टर | ५७३०००।०० |
| १४९ २०७९।०९।०८ | ८ न. वडाका यूवालाइ कम्प्यूटर तालिम | सुदीप कम्प्यूरटर एण्ड एजुकेशन सेन्टर | ३३५८४५।०० |
| १६२ २०७९।०९।१९ | ६ न. वडाका यूवालाइ कम्प्यूटर तालिम | सुदीप कम्प्यूटर एण्ड एजुकेशन सेन्टर | २४६७२२।०० |
| १८१ २०७९।१०।०५ | ७ न. वडाका व्यूटीपालर तालिम | सुदीप कम्प्यूटर एण्ड एजुकेशन सेन्टर | २४६३७०।०० |

| | | | |
|---|---|---|---|
| २०४ २०७९।१०।११ | कम्प्यूटर तालिम | सुदीप कम्प्यूटर एण्ड एजुकेशन सेन्टर | १९७४३५।०० |
| २५९ २०७९।११।१४ | दलित महिलाको सिप बिकास तालिम | सुदीप कम्प्यूटर एण्ड एजुकेशन सेन्टर | १९५०३०।०० |
| २६८ २०७९।११।२५ | सिप बिकास तथा चेतना मुलक तालिम | सुदीप कम्प्यूटर एण्ड एजुकेशन सेन्टर | २९४०७०।०० |
| २७३ २०७९।११।२५ | मोवाइल मर्मत तालीम | सुदीप कम्प्यूटर एण्ड एजुकेशन सेन्टर | १९७२२५।०० |
| २९९ २०७९।१२।०२ | स्वास्थ्य शिविर सञ्चालन | सुदीप कम्प्यूटर एण्ड एजुकेशन सेन्टर | ४७९०१८।०० |
| ३११ २०७९।१२।०८ | कम्प्यूटर तालिम | सुदीप कम्प्यूटर एण्ड एजुकेशन सेन्टर | १९६५४०।०० |
| ५३०। २०८०।०३।१० | कम्प्यूटर हार्डवर कार्यक्रम | सुदीप कम्प्यूटर एण्ड एजुकेशन सेन्टर | ५९६२२५ |
| ५४६ २०८०।०३।११ | कुसन बनाउने तालिम | सुदीप कम्प्यूटर एण्ड एजुकेशन सेन्टर | ५९१२७०।०० |
| १५२ २०७९।०९।१२ | ८ न वडामा आखा शिविर | स्काई टेक्नीकल कलेज प्ा्र.लि. | ९४१८०।०० |
| १७७ २०७९।०९।२४ | ८ न वडामा महिला शसत्तीकरण तथा नेतृत्व विकास तालीम | स्काई टेक्नीकल कलेज प्रा.लि. | १९११६८।०० |
| ३९९ २०८०।०२।०८ | शिप विकास कार्यक्रम | स्काई टेक्नीकल कलेज प्रा.लि. | १८५६३०।०० |
| ४०० २०८०।०२।०८ | ५ न वडाका किसानका लागी शिप बिकास तालीम | स्काई टेक्नीकल कलेज प्रा.लि. | ९३८२८।०० |
| ४३१ २०८०।०२।१६ | ५ न वडामा शिप बिकास तालीम | स्काई टेक्नीकल कलेज प्रा.लि. | १९१८०२।० |
| ४७८ २०८०।०२।३१ | शिप बिकास तालीम | स्काई टेक्नीकल कलेज प्रा.लि. | ९८०१०।०० |
| ५६९ | महिला सशक्तिकरण तालिम वडा नं.६ | स्काई टेक्नीकल कलेज प्रा.लि. | ४०४६९०।०० |

| | | | |
|---|---|---|---|
| २०८०।०३।१५ | | | |
| ५७३<br>२०८०।०३।१७ | महिला क्षमता विकास १ दिने तालिम | स्काई टेक्नीकल कलेज प्रा.लि. | १४७७५०।०० |
| | | जम्मा | ५५५५८०८ |

| | |
|---|---|
| अनियमित भएको | ५५,५५,८०८ |

४९.११ **भरपाई नभएको** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो रकम पुष्टी गर्ने विल भरपाई कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । देहायको सामाग्री खरिदको भुक्तानी भएकोमा सो को वितरणको भरपाई श्रेस्ता साथ संलग्न भएको देखिएन्। खरिद भएका सामग्रीको वितरणको भरपाई पेश गर्नुपर्ने रु.

| गो.भौ.नं.।मिति | कार्यक्रमको नाम | भुक्तानी प्राप्त गर्नेको नाम | रकम |
|---|---|---|---|
| ६१६।२०८०-०३-२२ | स्प्रे टयाङ्की वितरण | न्यू कपिलवस्तु एग्रोभेट | ३९९००० |
| ६१७।२०८०-०३-२२ | इलेक्ट्रिक मोटर ७५ प्रतिशत अनुदान | श्याम ट्रेडर्स | ४००००० |
| ६१९।२०८०-०३-२२ | अध्यक्ष कृषि सहयोग कार्यक्रम<br>(इलेक्ट्रिक स्प्रे टयाङ्की ) | न्यू कपिलवस्तु एग्रोभेट | ३९९००० |
| | | जम्मा | ११९८००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,९८,००० |

४९.१२ **नर्म्स पालनाः** ६।२०८०।२।१८ पालिकामा संचालन हुने कार्यक्रममा पालिकाको नम्सको पालना हुनु पर्दछ । किशोरी तथा महिलाहरुलाई शिपमुलक शिलाई कटाइ तथा बुनाई तालिम नेपाल ग्रामिण विकास केन्द्रबाट संचालन गरेको पाइयो । उक्त कार्यक्रममा देहाय बमोजिम नम्स भन्दा बढी भूक्तानी लिएकोले अशुल हुनु पर्ने रु.

| सि नं | शिर्षक | भूक्तानी हुनु पर्ने | भूक्तानी भएको | बढी भूक्तानी |
|---|---|---|---|---|
| १ | प्रतिवेदन लेखन | १००० | २००० | १८५० |
| २ | समन्वय व्यवस्थापन | १००० | ६००० | ४२५० |
| | | | | ५१०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,१०० |

## ५० डि.पि.आर. खर्च

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डि.पि.आर. लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।यस्तो अध्ययनकार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डि.पि.आर. तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । डि.पि.आर.गरेको योजना कार्यान्वयन हुनुपर्दछ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| पकडी आयुर्वेद भवन | टि.पि.एच. डेंभलपमेन्ट ईन्जिनियरिङ्ग | १७८०२२३ | ४९५०५० | ३०८०५५९२.२८ |
| | | | | |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ५१ शिक्षा तर्फ

**५१.१ विद्यालय निकासा रजिष्ट्रर :** अधिकार प्राप्त अधिकारीले आम्दानी खर्च ठिक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा सुनिश्चित हुनुपर्दछ । पालिकाले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुलाई विद्यालय निकासा रजिष्ट्रर अवलम्वन गरेको पाइयो । जसले गर्दा दोहोरो भुक्तानी हुन सक्ने अवस्थाको नियन्त्रण गर्न सघाउदछ साथै आन्तरिक नियन्त्रण अवलम्बन गर्न सहयोग पुगेको देखिन्छ । पालिकाले आवश्यकता अनुसार तोकिएको ढाँचामा परिमार्जन गर्दै विद्यालयगत निकासा रजिष्ट्रर राखु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**५१.२ विद्यालयको अनुगमन नियमन व्यवस्था –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धित कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन । जसबाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५१.३ **स्यानिटरी प्याड-** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु २५६४ जना रहेका छन। कार्यविधि अनुसार प्रति छात्रा १६ पिस (२ प्याकेट) १० महिनाको लागि खरिद गर्नुपर्ने उल्लेख छ । पालिकाले जस्मिन हाईजिन प्रोडक्स प्रा.लि.बाट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित मूल्यसूचि अनुसार सो को आधिकारीक बिक्रेता ए वान ट्रेडर्स बाट रु.१८४९९१९.३३ को १५६७८ प्याकेट स्यानिटरी प्याड प्रति प्याकेट रु.११७.९९ (मू.अ.कर सहित) र कोटेशन माग गरि सिग्मा सर्भिसेज प्रा.लि.बाट रु.९८९३६५। को ८५०० स्यानिटरी प्याड प्रति प्याकेट रु.११६.३९ (मू.अ.कर सहित)खरिद गरेको छ। खरिद गरेको प्याड २७ वटा विद्यालयमा १४४९६ प्याकेट एकमुष्ठ वितरण गरि २२४१ प्याकेट मौज्दात राखेको विवरण पेश गरेको छ । खरिद गरिएका प्याडहरु विद्यालयमा तथा कार्यालयमा भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राख्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५१.४ **छात्रवृत्ति -** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९ को क्रायाकलाप नं. ७.२.११ को बुँदा नं. ४.२ को गैर आवासीय छात्रवृत्ति अन्तर्गत दलित छात्रवृत्ति कक्षा १-८ र छात्रा छात्रवृत्ति कक्षा १-८ का प्रति विद्यार्थी रु. ४००।– दरले छात्रवृत्ति निकासा गर्ने उल्लेख छ । पालिकाले यो बर्ष २४ वटा सामुदायिक र १४ धार्मिक विद्यालय समेत ६६ विद्यालय लाई छात्रवृत्ति वापत रु.२६ लाख ८६ हजार निकासा गरि नगद वितरणको भरपाई पेश गरेको छ । सम्बन्धित विद्यार्थीले रकम प्राप्त गरेको सुनिश्चित हुन अनुगमन हुनुपर्दछ । साथै निम्न बिद्यालयहरुमा I.E.M.I.S. भन्दा बढि विद्यार्थी संख्यामा निकासा भएको रकम असुल गर्नुपर्ने रु.

| विद्यालय कोड | विद्यालयको नाम (मदरसा तर्फ) छात्रबृत्ति | जानुपर्ने | गएको | बढि | कैफियत |
|---|---|---|---|---|---|
| 500140004 | मदरशा जामिया औताहिद अलखेरिया, मायादेवि ०८ | ३२०० | ५८००० | २६००० | १४८०० रकम संघिय संचितकोष दाखिला हुनुपर्नेमा पालिका आन्तरिक आय खातामा जम्मा गरेको |
| 500140005 | मदरधा तालिमुल इस्लाम नन्दनगर | ११६०० | १५२०० | ३६०० | |
| 500140006 | मदरशा दारुल हदिस | ९२०० | १३२०० | ४००० | |
| | | | जम्मा | ३३६०० | |

*५................(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।३० को निर्णयबाट रु.४४०० /- सम्परीक्षण गरिएको)*

| असुल गर्नुपर्ने | ३३,६०० |
|---|---|

५१.५ **दिवा खाजा –** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० क्रियाकलाप नं. २.७.११.१ (घ) अनुसार दोस्रो त्रैमासिक देखि स्थानीयतहले विद्यालय भौतिक रुपमा पूरा समय चलेको दिन खाजा उलब्ध गराईएका विद्यालयको प्रधानाध्यापक र वि.व्य.स. अध्यक्षबाट विद्यार्थीको सङ्ख्यात्मक विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था मिलाउने उल्लेख छ । त्यसैगरी क्रियाकलाप नं. २.७.११.१ (छ) अनुसार विद्यालयबाट गरिएको दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने र सबै सामुदायिक विद्यालयमा दिवा खजा अनुगमन निरीक्षण पुस्तिका खडा गर्नुपर्ने एवँ उक्त निरीक्षण पुस्तिकामा सङ्घिय सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारी एवम् कर्मचारी र निरीक्षण अनुगमनमा खटिएका व्यक्तिले आफ्नो राय सुझाव दिने व्यवस्था रहेको छ । पालिकाले आशिंक विद्यालय बाहेक अन्य विद्यालयको वडा अध्यक्ष, प्रधानाध्यापक, वि.व्य.स.को अध्यक्षबाट हाजिरी प्रमाणित गरेको आधारमा दिवा खाजाको लागी यो बर्ष ६७ सामुदायिक विद्यालयमा रु.१ करोड ३३ हजार रकम निकासा गरी गरेको छ । उक्त सम्पूर्ण विद्यालयमा विद्यार्थी तथा अविभावकलाई नगद वितरण गरेको भरपाई पेश गरेको छ । सम्बन्धित विद्यार्थीले रकम प्राप्त गरे नगरेको र खाजा खाए नखाएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५१.६ **स्वयंमसेवक शिक्षक –** अन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्रका लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दी बाहिर पालिकाले स्वयंमसेवक शिक्षक ब्यवस्थापन कार्याबिधि,२०७५ अनुसार यस आर्थिक बर्षमा परीक्षा संचालन गरी २२ वटा (४ धार्मिक र १८ सामूदायिक सहित ) विद्यालयहरुमा ४४ जना स्वयंमसेवक शिक्षक नियुक्ती गरि रु.६०,२३३,०२। राजस्व बाँडफाँड संघीय सरकारको स्रोतबाट तलब भत्ता खर्च लेखेको छ । तलब भत्ता भुक्तानी गरेको नियमसम्मत देखिएको छैन । आवश्यकता अनुसार विद्यालय मर्ज गरि आवश्यक दरबन्दि सिर्जना पश्चात स्थायी शिक्षकको पदपूर्तीको लागि पहल कदमी चाल्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५१.७ **शैक्षिक गुणस्तर सुदृढीकरण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।गो.भौ.नं.१९८।२०८०-०३-१९ बाट छत्रापाली तिर्थदिवी मा.वि.लाई विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानलाईको रु.२ लाख निकासा गरेकोमा सोको बिल भरपाई श्रेस्ता साथ संलग्न

देखिएन् । कार्यक्रमकार्यान्वयन पुस्तिका २०७९।८० ले तोकिएको क्रियाकलापमा खर्च गर्नुपर्ने उल्लेख भएकोमा विद्यालयले शिक्षक प्रोत्साहन वापत रकम बुझाएको भरपाई पेश गरेको छ । बैंक खाता मार्फत भुक्तानी हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५१.८ **शिक्षक विद्यार्थी अनुपात -** स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । विद्यालय समायोजन कार्यान्वयन निर्देशिका २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ । निर्देशिकाको बुँदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागी विद्यालयको तथ्याङ्क संकलगन गरी समभाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिका अन्तर्गत रहेका ३४ सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार शिक्षकको दरबन्दी संख्या १३० रहेकोमा करार ४१ समेत १२६ जनाको पदपूर्ती भएको छ ।उक्त विद्यालयहरुमा कार्यारत विद्यार्थीहरुको कुल संख्या ११३४३। रहेको छ । यस पालिकामा रहेका विद्यालयमध्ये उल्लेखित विद्यायमा शिक्षक विद्यार्थी अनुपात १:२७ देखि १:३९ सम्म रहेको प्राप्त विवरणबाट देखिन्छ । सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्युन अवस्थामा रहेको र कतिपयमा न्युन विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्न गएको अवस्था देखिन्छ । अतः भौगोलिक दुरी टाढा भएमा बालविकाश केन्द्र स्थापना गरी न्युन विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५१.९ **पाठ्यपुस्तक** - कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० क्रियाकलाप नं. २.४.६.१ अनुसार विद्यालयलाई पाठ्यपुस्तक वापतको रकम तेस्रो त्रैमासिक भित्र अनुदान दिने यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने । शैक्षिक शत्र २080 को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधार एकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनुदान दिने व्यवस्था छ । यो बर्ष २४ वटा सामुदायिक र १४ धार्मिक विद्यालय समेत ६६ विद्यालय लाई पाठ्यपुस्तकको वापतको रु.८४२२०००.०० निकासा दिएको छ । विद्यालयबाट पाठ्यपुस्तक खरिदको बिल भरपाई पेश भएको देखिएन् । यसर्थ सम्बन्धित विद्यार्थीले पुस्तक पाएको सम्बन्धमा एकिन गर्न सकिएन् । नमुना छनौट गर्दा पालिकाले निकासा दिँदा १०० प्रतिशत भन्दा बढी नहुने गरी निकासा दिनुपर्नेमा देहायका विद्यालयहरुमा २०८० को I.E.M.I.S. को विद्यार्थी संख्याको आधार लिदा १०० प्रतिशत भन्दा बढी हुने गरि कक्षा १ देखि १० सम्म निकासा दिएको रु. ११६७६ । सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु.

| विद्यालयको नमा | iemis अनुसार जाने | ७५ % गएको | २५%गएको | १००% गएको | बढि |
|---|---|---|---|---|---|
| काली गुरुकुल संस्कृत विद्यालय | १९७९० | ११७१८ | १०००० | २१७१८ | १९२७ |
| मदरशा इस्लामिया नुरुल हुदां | २३४९० | २७९७७ | ० | २७९७७ | ४४८६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | जम्मा | ६४१३ |

*✂................(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।३० को निर्णयबाट रु.५२६३।- सम्परीक्षण गरिएको)*

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ६,४१३ |

५१.१० **प्राविधिक धार विद्यालय तर्फ -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।पालिकाले जनता मा.वि. बलुहवा प्राविधिक धार (९-१२) मा संचालित कम्प्युटर ईन्जिनियरिङ्ग बिषयमा अध्ययनरत ११९ जना विद्यार्थिको प्रति विद्यार्थी १५ हजार का दरले रु.१७८५०००। निकासा गरेको छ । विद्यालय पेश भएको बिल भरपाई परिक्षण गर्दा उक्त खर्च विद्यालय व्यवस्थापनको निर्णय बिना गर्च गरेको , कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं.२.७.१३.५० को बुँदा २.६ मा उल्लेख भएको भन्दा विभिन्न निर्माण, कृषि बिरुवा खरिद लगायत अन्य क्षेत्रमा रु. ५२०८४६.५४ खर्च भएको देखियो । विद्यालय व्यवस्थापन समितिको निर्णय बेगर एवम् कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० मा तोकेको क्रियाकलाप भन्दा अन्यत्र खर्च गरेको रकम असुल गर्नुपर्ने रु.

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ५,२०,८४६ |

५२ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गर्न ८ वडामा ३७ योजना सञ्चालन गरी यस वर्ष ११६ जनालाई औसत ९८ दिनले ११३९३ दिन रोजगारी उपलव्ध गराई रु.६५,०७,३७६ श्रमिक ज्याला खर्च गरेको छ । कार्यक्रमको नापी तथा मूल्यांकन तयार गरे पनि कार्य दिन र कूल कार्य बीच तुलना गर्न सक्ने अवस्था छैन ।

क) प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका,२०७५ को दफा १२ मा स्थानीय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानीय तहको बजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा,कार्यान्वयन,अनुगमन र मुल्याङ्कन गर्ने कार्य स्थानीय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि बेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परिचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्बन्धमा सुधार हुनुपर्दछ।

ख)निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि बिशेष व्यवस्था गरेको,दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा दुर्घटना बिमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्बन्धित पालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्बन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको एक पटक सार्बजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्वयन गरेको छैन । यसमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५३ **सामाजिक सुरक्षा**

निकासा - यस पालिकामा सामाजिक सुरक्षा कार्यक्रम संचालन तर्फ ६ वडाका लाभग्राहिको खातामा भत्ता रकम जम्मा गर्न २ बैंक मार्फत कार्यालयको सिफारिस तथा बैंकगत निकासा जोड जम्मा गर्दा प्रथम त्रैमासिकमा रु. ५०८०८८१७, दोस्रो त्रैमासिकमा रु. ५४९४४१४८। तेस्रो त्रैमासिकमा रु. ५५९२९३३६। र चौथो त्रैमासिकमा रु.५७४५३७३४। गरी जम्मा रु.२१९१३६०३५। निकासा गरेको तर को.ले.नि.का.बाट जारी आ.ले.प. प्रतिवेदन अनुसार कुल निकासा रु.२१९०५६६४९ देखिएको छ । जस अनुसार बढि निकासा रु.७९३८६। देखिएको पालिकाले मृत्यू पश्चातको रकम फिर्ता भएको जनाएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

५३.१ **पारदर्शिता** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धि जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा गाउँ कार्यपालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५३.२ **दोहोरो दर्ता** - पालिकाले लाभग्राहीको विवरण MIS मा प्रविष्टि गर्दा देहायका लाभग्राहीको दोहोरो विवरण प्रविष्ट गरेकोले पाउनुपर्ने भुक्तानी भन्दा देहाय बमोजिम ४ वटै किस्तामा बढी भुक्तानी भएको रु.१५९८४०। असुल गर्नुपर्ने रु.

| Personal Id | Member ID | Member Name | Gender | Age | Deposited Amount |
|---|---|---|---|---|---|
| 2008010114909 | 47-206-00000556655 | Anjum Nisa Musalman | FEMALE | 44 | 7980 |
| 2036020502029 | 47-4583126021020279 | Anjum Nisa Musalman | FEMALE | 44 | 7980 |
| 2007121802907 | 47-8045015001120228 | Jannatunnisa Musalman | FEMALE | 72 | 12000 |
| 2007121803038 | 47-1450810321120263 | Jannatunnisa Musalman | FEMALE | 72 | 12000 |
| 2015110501083 | 47-206- | Dularmati Korin | FEMA | 64 | 7980 |

| | | | | | |
|---|---|---|---|---|---|
| | 00008071363 | | LE | | |
| 2015110502578 | 47-6415901001120294 | DULAR MATI KORIN | FEMALE | 64 | 7980 |
| 2008060200657 | 47-7561810160020212 | Astarunnisa Sekhani | FEMALE | 72 | 12000 |
| 2008060201333 | 47-4564218290120273 | Astarunnisa Sekhani | FEMALE | 72 | 12000 |
| | | | | १ लाभग्राहिको बढि ४ किस्ताको | १५९८४० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५९,८४० |

५३.३ **अनुगमन तथा निरीक्षण -** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा गाउँ कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा यस पालिकाले सो कार्य गरेको पाइएन। यस तर्फ पालिका क्रियाशिल हुनुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५४ **स्वास्थ्यतर्फ**

५४.१ **न्यानो झोला कार्यक्रम-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका २ वटा बर्थिङ सेन्टरमा गत वर्ष २२ थानको रु १९८०० र यस वर्ष १२५६ थान को रु. ११,३०,४००- खरिद गरेकोमा गत वर्ष ७३४ जना र यस वर्ष ८०० जना गरी १५३४ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ। पालिकाको भण्डारमा खरिद गरिएका ४७८ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५४.२ **औषधी खरिद** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहले उक्त प्रक्रियावेगर संघिय सशर्त चालुबाट रु.१८११८६८। र गा.पा. चालुबाट रु.४५३६३९३। समेत रु.६३४८२६१। को औषधि सोझै खरिद गरेको नियमसम्मत देखिएको छैन् । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।

• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।

• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको र P.A.M.S. मा प्रविष्टि नगरेको ।

• औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५४.३ **समायोजन ग्रेडः** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. नं. ३०५ मिति २०७९।२।५ को समायोजन भएका स्वास्थ्य सेवा कर्मचारीको ग्रेड सम्बन्धी पत्रमा कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७(८) बमोजिम समान तहमा समायोजन भएका नेपाल स्वास्थ्य सेवाका कर्मचारीलाई समयोजन ग्रेड थप गरी उपलब्ध गराउने साथै त्यस्तो ग्रेड समायोजन भई गएका तहमा बहाल रहेसम्म पाउने, स्तरवृद्धि भएपश्चात जुन तहमा स्तर वृद्धि भएको हो सो तहको सुरु तलब स्केलमात्र पाउने तर त्यस्तो सुरु स्केल खाईपाई आएको रकमभन्दा कम भएमा प्रचलित कानुनबमोजिम उपलब्ध गराउने उल्लेख छ। यस पालिकाका निम्नानुसार स्वास्थ्य तर्फका देहायका कर्मचारीलाई समायोजन ग्रेड भुक्तानी गर्दै आएकोमा स्तरवृद्धि भए पश्चात पनि समायोजन ग्रेड (सञ्चयकोष थप समेत) भुक्तानी भएको छ । स्तरवृद्धि पश्चात भुक्तानी भएको समायोजन ग्रेड यकिन गरि असुल हुनुपर्ने रु.

| सि नं | पद नाम | स्तर वृद्धि मिति | ग्रेड दर | ग्रेड संख्या | भूक्तानी महिना | बढी भूक्तानी |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | ज स्वा अ श्री बिश्वनाथ ठाकुर | 2076/9/29 | 1528 | 84 | 42 | 130872 |
| २ | अ हे ब पाचौं श्री महेश घिमिरे | 2079/12/28 | 1158 | 6 | 3 | 6948 |
| ३ | अ हे ब पाचौ श्री अनिता कुमारी यादव | 2076/4/1 | 1158 | 90 | 45 | 104220 |
| ४ | अ न मी श्री पुनम शाही | 2076/5/13 | 1158 | 88 | 44 | 101904 |
| ५ | अ हे ब श्री ऋषिराम गैरे | 2077/12/18 | 1158 | 24 | 12 | 27792 |
| ६ | अ हे ब श्री तिलक राम गडेरीया | 2078/11/10 | 1158 | 26 | 13 | 30108 |
| ७ | अ हे ब श्री रुपा अर्याल | 2079/1/22 | 1158 | 22 | 11 | 25476 |
| ८ | अ हे ब श्री दिनेश कुमार कुर्मि | 2079/2/30 | 1158 | 18 | 9 | 20844 |
| ९ | अ न मी श्री भारती थापा | 2078/12/28 | 1158 | 28 | 14 | 32424 |
| १० | अ हे ब श्री कमला क्षेत्र | 2079/1/22 | 1158 | 26 | 13 | 30108 |
| ११ | अ हे ब श्री गणेश मान थारु | 2079/1/22 | 1158 | 26 | 13 | 30108 |
| १२ | अ न मी श्री सलिमुन निशा | 2079/1/17 | 1158 | 26 | 13 | 30108 |
| | | जम्मा | | | | 570912 |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,७०,९१२ |

# अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : मायादेवी गाउँपालिका, कपिलवस्तु , मायादेवी गाउँपालिका , कपिलबस्तु

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सबिन सिंह चौधरी | २०८०-६-२९ | हाल सम्म कार्यरत |

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| लेखा प्रमुख | प्रकाश गौतम | २०७७-१२-८ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,७९७,१५१ | ३८,५४८,१९२ | ५,१०५,७६७ | ० | ० | ८,२०६,३०० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ५४,६५७,४१० |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ९८,०६३ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ५४,५५९,३४७ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ४९५८०४६९.४२ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४३३९३४००० | **चालु खर्च** | ३७२२३९८२३.५ |
| **प्रदेश सरकारबाट अनुदान** | ३४५०१००० | **पूँजीगत खर्च** | १७२४३७१८५.९२ |
| **राजश्व बाँडफाँट** | ९८६८६२५१.४५ | **वित्तीय/अन्य व्यवस्था** | ३७९९३८८९९.७२ |
| **आन्तरिक आय** | १०४३४७०१.६४ | | |
| **अन्य आय** | ३३८७९५२७७ | | |
| **कुल आय** | ९१६३५१२३०.०९ | **कुल खर्च** | ९२४६१५९०९.१४ |
| **बाँकी मौज्दात** | | ४१३१५७९०.३७ | |